म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष १२, अंक २६३ आइतबार २४ बैशाख २०८० ने. सं. ११४३ बछलागा 7 May 2023 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्य: रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

# साझाकुरा राष्ट्रिय दैनिक

www.sajhakuranews.com

**कर्मचारी आवश्यकता**

यस मकवानपुर सहकारी अस्पतालभित्र रहेको सक्षम औषधी पसल र अग्रिम औषधी पसलका लागि निम्न अनुसारको कर्मचारी आवश्यकता परेको हुँदा सम्पर्क राख्नुहोला ।

D Pharma - २ जना

B Pharma - २ जना

तलबः आपसी समझदारीमा निर्धारण गरिनेछ ।

**सक्षम औषधी पसल/अग्रिम औषधी पसल**

**मकवानपुर सहकारी अस्पताल**

हेटौंडा-१, सम्पर्क नं.: ९८५५०७४९००, ९८४४१२७००९

## मकवानपुरको झण्डै

# चार हजार हेक्टर वनमा डढेलो

साझाकुरा संवाददाता

हेटौंडा, २३ वैशाख/ स्थानीयको चरम लापरबाही र सरकारी निकायको कर्मकाण्डी कार्यशैलीले गर्दा मकवानपुरको झण्डै ४ हजार हेक्टर वन क्षेत्रमा यो वर्ष डढेलो लागेको छ ।

करिब ४ हजार हेक्टर वनमा डढलो लागेको समयावधि भने जम्मा डेढ महिना मात्रै छ । चैत महिनादेखि वैशाख तेस्रो हप्तासम्म मकवानपुरका १० वटै स्थानीय तहमा डढेलो लागेका छन् । डढेलो लगाउनेमा पहिलो स्थानीय नागरिक नै हुने गरेको डिभिजन वन कार्यालय मकवानपुरले जनाएको छ । घाँसको लोभमा स्थानीयले डढेलो लगाउने गरेका छन् । तर, सरकारी निकाय भने चैतदेखि डढेलो लाग्न सुरु हुने जान्दाजान्दै सचेतनाका कार्यक्रममा मात्रै सीमित हुने गरेका छन् । हेटौंडामा प्रदेश सरकारको वन तथा वातावरण मन्त्रालयदेखि वन निर्देशनालय, जिल्लामा दुई वटा डिभिजन वन कार्यालय छन् । तर, कर्मकाण्डी काम गर्ने शैलीले भने वनमा लागेको डढेलो नियन्त्रणमा आउन सकेको छैन ।

डिभिवन वन राप्ति मनहरीले केही समयअघि डढेलो लगाउने मनहरीका दुई जनालाई कानुनी कठघरामा उभ्याएको थियो । तर, सम्भवत डढेलो लगाउनेलाई कारबाही गरिएको थोरैमध्ये एउटा घटना थियो । डढेलो लगाउनेको पहिचान हुन नसक्दा वनमा निरन्तर आगो लाग्दै आइरहेको छ । वैशाख पहिलो हप्ता हेटौंडाको रानी सामुदायिक वन, भैरवडाँडा सामुदायिक वनमा डढेलो नियन्त्रणमा आउन नसक्दा स्थानीयहरु आत्तिएका थिए । डढेलो नियन्त्रण हुन नसक्दा स्थानीयहरु घरसम्मै आगो आइपुग्ने त्रासमा बस्न बाध्य भए । सँगसँगै वन कार्यालयले डढेलो नियन्त्रण नगरेको भन्दै रुष्ट पनि बनेको पाइएको थियो ।



तर, वन क्षेत्रमा डढेलो लगाउने स्थानीयको पहिचान गरेर कारबाहीको लागि जानकारी दिन कसैले नचाहेको डिभिजन वन मकवानपुर स्रोत बताउँछ । जिल्लामा ३ सय सय बढी सामुदायिक वनको १ लाख ६६ हजार ५ सय ३३ वन क्षेत्र छन् । जसमध्ये चैतदेखि वैशाख तेस्रो हप्तासम्म मकवानपुरको ३ हजार ८४८ हेक्टर क्षेत्रफलमा डढेलो लागेको डिभजन वन मकवानपुर र डिभिजन वन राप्ति मनहरीले जानकारी दिएको छ । डिभिजन वन कार्यालय, मकवानपुरअन्तर्गत रहेको वनमा गतवर्षको चैतसम्म २ हजार ६ सय ४८ हेक्टर क्षेत्रफलमा डढेलो लागेको प्रमुख शिव सापकोटाले जानकारी दिए । डिभिजन वन कार्यालय, राप्ती मनहरीतर्फ वैशाखसम्ममा १ हजार २ सय हेक्टर वनमा डढेलो लागेको प्रमुख विष्णुप्रसाद आचार्यले जानकारी दिए ।

सबैभन्दा बढी बकैया, बामगती र हेटौंडा उपमहानगरमा क्षेत्रका वनमा डढेलो लागेको छ । राक्सिराङ, कैलाश, मकवानपुरगढी र भीमफेदीमा पनि वन डढेलो अत्याधिक भएको वन कार्यालयले जानकारी दिएका छन् । थाहा, मनहरी र इन्द्रसरोवरमा भने तुलनात्मक रुपमा कम क्षेत्रफलमा डढेलो लागेको जनाइएको छ । डिभिजन वन मकवानपुरको सव डिभिजन छतिवनमा २ सय २ दशमलव ५० हेक्टर, सव डिभिजन बकैयाको १ हजार ९५ हेक्टर, सव डिभिजन मकवानपुरगढीको ८० दशमलव ५० हेक्टर, सव डिभिजन भिमफेदीको २० हेक्टर, सव डिभिजन राईगाउँको २ सय १७ हेक्टर, सव डिभिजन बागमतीको ७ सय ८५ हेक्टर, सव डिभिजन हर्नामाडीको १ सय ८० हेक्टर र सव डिभिजन हेटौंडाको ५० हेक्टर वन क्षेत्रमा डढेलो लागेको हो ।

बागमतीमा डढेलो लाग्दा घरगोठ जलेको थियो । मकवानपुर गढीमा खानेपानीको पाइन जलेर नष्ट हुन पुग्यो । डढेलोले जंगली जनावरको मृत्युदेखि खानेपानी पाइपसम्म जलेर नष्ट हुँदा राज्यलाई लाखौं खर्च हुन पुगेको छ । प्राकृतिक जीवनचक्रमा समेत ठूलो असर परेको छ जुन कुराको मूल्य नै छैन । वन डडेलोले मानव स्वास्थ्यमा पार्ने नकारात्मक प्रभाव र प्रकृतिमा पुग्ने नोक्सानीको कुनै मूल्य नै छैन । प्रकृतिको अनमोल उपहार आगोमा जलिरहेको छ ।

वनमा लागेको डढेलो कारण जिल्लामा चार परिवारको घर तथा गोठ जलेर लाखौंको धनमाल नष्ट भएको जिल्ला प्रहरी कार्यालय मकवानपुर प्रवक्ता एवं प्रहरी नायव उपरीक्षक टेकबहादुर कार्कीले जानकारी दिए । प्रहरीको तथ्यांकअनुसार वनकै डढेलो सल्केर बकैया र कैलाशमा दुई-दुई घर तथा गोठ जलेर नष्ट भएको हो । आगलागीबाट २० लाख भन्दाबढी नीजि धनमाल नष्ट भएको उनको दाबी छ । रानी सामुदायिक वन विश्वकै लोपन्मुख सालकको बासस्थान हो । सालकको संरक्षण गर्दै आइरहेको रानी वनमा लागेको डढेलोले कति क्षति पुऱ्याएको भन्ने तथ्यांक अहिलेसम्म आएको छैन । डढेलोले वनका साना बिरुवा, पातपतिंगर, साना बुट्यान वनका चराचुरुङ्गी, विभिन्न जडीबुटी पूर्णरुपमा नष्ट भएका छन् ।

डढेलो कारण्का एउटा मृग जलेर मरेको डिभिजन वन कार्यालय मकवानपुका प्रमुख सापकोटाले जानकारी दिए । मकवानपुरको वन क्षेत्रमा २७ वर्ष यताकै सबैभन्दा ठुलो डढेलो लागेको डिभिजन वन कार्यालय, राप्तिका प्रमुख विष्णु आचार्यको दाबी छ । डढलोबाट मानवीय क्षति भएको छैन । हिउँदे वर्षा कम हुनु, वनमा प्रज्ज्वलनशील पदार्थ अत्यधिक हुनु, सुख्खा मौसम, नयाँ घाँस पलाउने आश, सलाई, लाईटर, चुरोट बिडीलगायतको लापरवाहीपूर्ण प्रयोगले गर्दा वनमा डढेलो बढी लागेको डिभिजन वन कार्यालय, राप्तिका प्रमुख आचार्य बताउँछन् । पछिल्लो समय वनको बिषयमा उपभोक्ताको सक्रियता कम हुनु पनि डढेलोको कारण रहेको उनको अनुभव छ ।

# सामुदायिक सेवा केन्द्रमा श्रेष्ठको नेतृत्व

साझाकुरा संवाददाता

हेटौंडा, २३ वैशाख/ हेटौंडा-११ थानाभन्ज्याङस्थित सामुदायिक सेवा केन्द्र तथा सामुदायिक प्रहरी सेवा केन्द्रको नेतृत्वमा देवकुमार श्रेष्ठ आएका छन् ।

केन्द्रको शनिबार भएको ५ औं साधारणसभा तथा अधिवेशनबाट श्रेष्ठको अध्यक्षतामा नयाँ कार्यसमिति चयन भएको छ । सामुदायिक प्रहरी सेवा केन्द्रको उपाध्यक्षमा कृष्णप्रसाद खनाल, सचिवमा खेमराज सापकोटा, सहसचिवमा दिवस पराजुली, कोषाध्यक्षमा महेन्द्र पाण्डे चयन भए । सदस्यमा मीना भण्डारी, अक्कलबहादुर रोक्का, उत्तम पण्डित, श्यामकृष्ण श्रेष्ठ, राजेश श्रेष्ठ, अर्जुनबहादुर मिश्र, यज्ञबहादुर आचार्य, शेषनाथ पुडासैनी, कालु घलान र शेखरराज मैनाली चयन भएका छन् । केन्द्रको पहिलो बैठकबाट सदस्यमा २ जनालाई मनोनित गरिने अध्यक्ष श्रेष्ठले बताए ।



सामुदायिक सेवा केन्द्र तथा सामुदायिक प्रहरी सेवा केन्द्र, थानाभन्ज्याङका अध्यक्ष शालिकराम पुडासैनीको सभाध्यक्षतामा भएको कार्यक्रममा बागमती प्रदेश सामाजिक विकासमन्त्री कुमारी मोक्तानको प्रमुख आतिथ्यता रहेको थियो । मन्त्री मोक्तानले समाज रुपान्तरणमा जोड दिए पनि सोचको रुपान्तरण हुन नसकेको बताइन् ।

सामाजिक विकास मन्त्रालयले अल्पसंख्यक, महिला, बालबालिका र विद्यालय क्षेत्रमा काम गरिरहेको उल्लेख गर्दै उनले समाजमा गरिने योगदानमा सबैभन्दा बढी प्रभावकारी विद्यार्थीमा देखिएको बताएकी छन् । महिनामा एकचोटी विद्यालयमा कार्यक्रम आयोजना गरी विद्यार्थीलाई कार्यक्रमको बारेमा जानकारी गराउनु पर्ने उनको जोड छ ।

हेटौंडा उपमहानगरका प्रवक्ता तथा १ नम्बर वडाअध्यक्ष सविन न्यौपानेले परिमार्जित र परिस्कृत तवरबाट मात्रै संस्था अगाडि बढ्नुपर्नेमा जोड दिए । संस्थाले समन्वयकारी भूमिका महत्वपूर्ण ढंगबाट निभाउन सकेमात्र संस्थाको गरिमा बढ्ने उनको भनाई छ । कार्यक्रममा नेपाल इकरात इन्जिनियरिङ कम्पनी प्रालिका जेनेरल म्यानेजर अनिलरत्न स्थापितलाई सम्मान गरिएको छ । कार्यक्रममा हेटौंडा-११ की वडाअध्यक्ष जुना दाहाल, मकवानपुरका प्रहरी प्रमुख बामदेव गौतमलगायतको आतिथ्यता थियो ।

**केदारनाथ सुनचाँदी पसल**

हेटौंडा-१०, बसपार्क रोड



यहाँ सुनचाँदीको गरगहना पाउनुको साथै अर्डर बमोजिम तयार पनि गरिन्छ र राशी अनुसारको पत्थर पाउनुको साथै सुनचाँदी खरिद बिक्री पनि गरिन्छ ।

**प्रो. राहुल सुनार**

मो.नं. ९८४५८३०८१७, ९८०४२०३२५५

**पुरानो नारायणी यातायात कम्पनी प्रा.लि.द्वारा संचालित बस सेवा**

**खुसीको खबर ! खुसीको खबर !! खुसीको खबर !!!**

**यात्रु महानुभावहरूलाई खुसीको खबर !**

२०८० बैशाख २ देखि

- हेटौंडाबाट ठिंगन हुँदै काठमाडौं गंगबु बसपार्कसम्म दैनिक बिहान ७ बजे
- गंगबु बसपार्क काठमाडौंबाट हेटौंडासम्म दैनिक बिहान ६:३० बजे
- कलंकीबाट ठिंगन हुँदै हेटौंडासम्म दैनिक बिहान ६:४५ बजे
- काठमाडौं सातदोबाटोबाट हेटौंडासम्म दैनिक बिहान ७ बजे




सम्पर्कः

०५७-५२१९९४, ९८५५०६७६५५, ९८५५०७१६२५, ९८४५०७६७६३

**सम्पूर्ण ब्राण्डका गाडी**

**एकै ठाउँमा सम्पूर्ण सेवासहित**

- कार वास भित्र/बाहिर
- वाइरिङ मर्मत
- A/C मर्मत तथा ग्याँस रिफिलिङ
- सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
- डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक बेल्डिङ
- टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
- इन्जिनसम्बन्धी सबै काम




**Himalayan Motors Pvt.Ltd.**

हेटौंडा, चौकीटोल, सम्पर्क नं.: ०५७-५९०३३३

**घडेरीहरू बिक्रीमा**

जिल्ला : मकवानपुर
हेटौंडा उपमहानगरपालिका
वाड नं. १

मुकुन्द कार्की :
९८५१०८९६३४,
९८०१०९८८६९



साझाकुरा

## हाम्रो कुरा

# अतिक्रमित संरचना हटाउ

अतिक्रमित संरचना हटाइरहेको र निकट भविष्यमै नगरको मुख्य सडक २५-२५ मिटर भत्किने चर्चाले हेटौंडा गर्माएको छ । नगरका चोकचौतारी, चियापसलमा अफ्ना सडकको दायाँबायाँ २५-२५ मिटर राइट अफ वे विस्तारको चर्चाले प्रवेश पाइरहँदा उपमहानगरपालिका भने डोजर लिएर बजार क्षेत्रका अतिक्रमित संरचना हटाउन लागिपरेको छ । लामो समयदेखि फुटपाथ ओगटेर पसलका सामान राख्ने व्यवसायीदेखि कानुनविपरित फुटपाथ छोपिने गरी टप निकाल्ने घरधनीलाई कानुनी उपचार गर्न उपमहानगरको नगरप्रहरी सक्रिय भएको छ ।

बजार क्षेत्रमा व्यवसायीले अस्थायी रुपमा घरसँगै जोडेर निर्माण गरेको टप भत्काउन सुरु गरिएको हो । त्रिभुवन राजपथको चौकीटोल ओरालोदेखि पूर्वपश्चिम राजमार्गको राप्तिरोड, हेटौंडा अस्पताल अगाडिसम्म क्षेत्रमा व्यवसायीले राखेको अस्थायी टप निकाल्ने काम नगर प्रहरीले गरिरहेको हो । हेटौंडामा ब्यवसाय गर्ने ब्यवसायीले अहिलेसम्म पनि बजारशास्त्रको मर्म बुझ्न सकेका छैनन । बजार शास्त्रले 'कस्टमर इज द किङ/गड अफ मार्केट' भन्ने सिद्धान्त बोकेको हुन्छ । तर, ग्राहकलाई गडको रुपमा लिने ब्यवसायी ज्यादै न्यून छन् । त्यसैले सडकपेटीमा सामान 'डिस्प्ले' गर्न ब्यवसायी बाध्य छन् । पैदलयात्रुलाई नै असर गर्ने गरी राखिएका सामानकै कारण उनीहरुको ब्यवसाय कमजोर बन्दैछ भन्ने कुरा बुझ्नु जरुरी छ । सडकको क्षेत्राधिकार भित्र पर्ने ५० मिटर सडक विस्तारको तयारीको रुपमा बुझ्न उपमहानगरले आग्रह गरेपछि यसले थप चर्चा बटुलिरहेको छ । बुधवार जिल्ला प्रशासन कार्यालयमा ५० मिटर सडक विस्तारलाई लिएर सर्वपक्षीय बैठक बसेको छ । हरित र सुन्दर नगरीको परिचय बनाएको हेटौंडा बजार क्षेत्रको राजमार्ग विस्तार नहुँदा बजार कुरुप बन्दै गएकोले उपमहानगरले सडक विस्तारको पहिलो चरणमा अतिक्रमित संरचना हटाएर सुरु गरेको बताइएको छ । व्यवसायीले आफ्नो व्यवसायको प्रवर्द्धनका लागि घरभन्दा बाहिर थपेको 'अस्थायी टप' उपमहानगरले हटाउन थालेको हो । अस्वाभाविक ढंगबाट फुटपाथ क्षेत्रलाई कब्जा गरी निर्माण गरिएको अस्थायी टप हटाउने काम जारी राख्न बजारमा आएका सर्वसाधारणको प्रतिक्रिया छ । नगर क्षेत्रमा पार्किङ व्यवस्थापन पनि सहज हुन सकेको छैन ।

हेटौंडाका व्यवसायीले स्थानीय सरकारसँग पैदलयात्रीको समस्यामा नजरअन्दाज गर्दै फुटपाथमा सामान राखेर ग्राहक तान्न पाउनुपर्ने, व्यवसाय अगाडि सवारीसाधन पार्किङ क्षेत्र तोक्न नहुनेलगायत माग राख्दै आएका छन् । व्यवसाय सञ्चालनका लागि सबैलाई उचित वातावरण सृजना गर्न उपमहानगर तयार रहेको बताइएको छ । नगरको सौन्दर्य नै बिग्रने गरी काम गर्न कसैलाई छुट छैन । पैदलयात्री हिँड्ने फुटपाथमा सामान राख्ने, व्यवसाय नै फुटपाथबाट चलाउने अनुमति कहिले सम्म दिने ? यो प्रश्न गंभीर रुपमा आएको छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

| मकवानपुर प्रहरी | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०१६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

| एम्बुलेन्स सेवा | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बारुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०८० चैत २५ गते सोमबार ८ मे २०२३ । द्वितीया, ज्येष्ठ कृष्णपक्ष । बछलागा ११४३ ने.सं. । सूर्योदय ५:२२, सूर्यास्त ६:४१ । रेडक्रस दिवस ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| मेष | : शत्रु वृद्धि | तुला | : साझेदारीकार्यमा सफलता |
| वृष | : भाग्यबाट सन्तोष | वृश्चिक | : वैदेशिक कार्यमा अवरोध |
| मिथुन | : ऋणभार बढनाले खिन्नता | धनु | : सम्पत्तिबाट लाभ |
| कर्कट | : अनावश्यक झंझट | मकर | : मांगलिक कार्यमा मन |
| सिंह | : गृहकलहमा वृद्धि | कुम्भ | : मानसम्मानमा वृद्धि |
| कन्या | : आफन्तमा मनोमालिन्य | मीन | : आर्थिक हानि |

# कांग्रेस कहाँ सच्चिने, कसरी सच्चिने ?



**राजनीति सत्तामुखी होइन, परिवर्तनमुखी बन्नुपर्छ भन्ने सत्य र यथार्थ दलहरूले बिर्सँदा परम्परागत रूपमा रहेको आफ्नै मत नागरिकले अन्यत्र दिएर सचेत गराएका छन् । कांग्रेस जस्तो स्थापित दलको विचारशून्य र दिशाशून्य नेतृत्वले इतिहासको ब्याज मात्र माग्दा अब ब्याज होइन बीउ पुँजी नै समाप्त हुने खतरा बढेको छ ।**

डा. कृष्णप्रसाद पौडेल

आधुनिक पुस्ता आफ्नो भविष्यप्रति अत्यन्त संवेदनशील मात्र होइन चिन्तित पनि हुन्छन् । सन् १९९० दशकका महान समाजशास्त्री जिग्मेण्ट बौउमेनको लिक्युड मोडर्टिनिटी सिद्धान्त अनुसार आफ्नो भविष्यप्रति अत्यन्तै संवेदनशील र चिन्तित छ यो पुस्ता । २०४८ सालदेखि निरन्तर संसदमा देखिई सिन्को समेत नभाँचेको नेतृत्वलाई नयाँ पुस्ताले स्विकार्न सक्ला र ? आजका युवा भविष्यको उज्यालो देखाउन सक्ने शक्ति र नेतृत्वप्रति आकर्षित हुने गर्दछन् ।

उपनिर्वाचनको नतिजाले आम मतदाताले युवा र भूगोल बुझेको साथै जनताको सुख, दु:खमा सँगै रहने उम्मेदवार रूचाउँछन् भन्ने भाष्यलाई गलत सावित गरिदिएको छ । साथै, यो निर्वाचनले अबको राजनीति विरासत, आन्दोलन, परिवर्तनको संवाहक जस्ता कुनै पनि कुराले छुँदैन र चल्दैन भन्ने प्रस्ट सन्देश दिएको छ ।

नेपालका पुराना दल नेपाली कांग्रेस र नेकपा एमाले, २०४६ सालपछि उदय भएको नेकपा माओवादी केन्द्र, २०६२/०६३ को आन्दोलन पश्चात् उदय भएको जनता समाजवादी पार्टी, लोकतान्त्रिक समाजवादी पार्टीका साथै २०७९ को प्रदेश र प्रतिनिधि सभा निर्वाचनभन्दा केही समय अगाडि मात्रै उदाएका जनमत, रास्वपा र नागरिक उन्मुक्ति पार्टीले समेत लोकतन्त्रलाई आफ्नो मूलमन्त्र बनाएकोले आम मतदाताले यी दलहरूबीचको सैद्धान्तिक फरक नै छुट्याउन सकेनन् ।

साथै, २०७४ सालमा गरिएको वाम गठबन्धन र २०७९ को स्थानीय तह र प्रदेश तथा प्रतिनिधि सभा निर्वाचनमा गरिएको पाँच दलीय र अन्य गठबन्धनले नागरिकमा भोट जहाँ दिंदा पनि उस्तै हुने रहेछ भन्ने मनोवृति विकास भएको पाइन्छ । यसको असर दलहरूमा रहेको परम्परागत मत समेत सजिलै अन्य दल र चुनाव चिन्हमा स्थानान्तरण भएको पाइयो । फलत: न त कांग्रेसले पुस्तौंदेखिको आफ्नो मत र आदर्श संरक्षण गर्न सक्यो न त सत्ता र शक्ति प्रचण्डको किस्तिमा पुगेको पत्तो नै पायो ।

कांग्रेसले के भुल्नु हुँदैन भने हिजोको दिनमा कांग्रेसको विकल्प अन्य दल थिएनन् तर आज रास्वपाको उदयले कांग्रेसलाई चुनौती थपेको छ । यो कुरा पौडेल राष्ट्रपति भएपछि तनहुँ-१ मा कांग्रेसले त्यहीं जन्मिएर नेपाल विद्यार्थी संघको केन्द्रीय अध्यक्ष हुँदै पार्टी राजनीतिमा क्रियाशील रहेका नेता गोविन्द भट्टराईको पराजयले प्रस्ट संकेत गर्दछ ।

अत: यो उपनिर्वाचनले एकातर्फ कांग्रेस पूर्ण रूपमा परिष्कृत हुनुपर्ने सन्देश दिएको छ भने अर्कोतर्फ बदलिंदो राजनैतिक परिदृश्यलाई लक्षित गर्दै उसले नतिजाको गहन समीक्षा गर्दै भावी कार्यदिशा समेत तय गर्न घच्घचाएको छ । हुन त कांग्रेसले मंसिरमा सम्पन्न भएको प्रदेश तथा प्रतिनिधि सभा निर्वाचनको नतिजा समेत समीक्षा गरेको छैन ।

कांग्रेसले १३ औं महाधिवेशनसम्म नेतृत्व र नीतिको लागि एउटै महाधिवेशन गरेकोमा १४ औं महाधिवेशनमा नेतृत्व र नीति महाधिवेशन फरक-फरक गर्ने नीति लियो । १४ औं महाधिवेशनमा नीति तथा कार्यक्रम, सांगठनिक र राजनीतिक प्रतिवेदनमा बहस भएन र नेतृत्व चयनमा मात्रै सीमित रह्यो ।

१४ औं महाधिवेशन कै क्रममा शीर्ष नेताहरूले ६ महिनापछि नीति महाधिवेशन गर्ने अभिव्यक्ति दिएता पनि आजसम्म त्यसको कुनै सुरसार छैन । अत: नेपाली कांग्रेसले नीति महाधिवेशन कै तयारीको लागि भने पनि सात महिनादेखि सम्पन्न हुन नसकेको केन्द्रीय कार्य समितिको बैठक तुरुन्तै बोलाउन जरूरी छ । यसको साथै रिक्त रहेका केन्द्रीय समितिमा सदस्य मनोनित गर्न, विभागहरूको पूर्णता दिएर पार्टीलाई चलायमान गराउन सभापतिले अब ढिला गर्नु हुँदैन ।

कांग्रेस १४औं महाधिवेशनको परिणामलाई हेर्दा 'पुस्तान्तरणसहितको वैचारिक रुपान्तरण' को मुद्दा वडा इकाइबाट केन्द्रीय नेतृत्वसम्म स्थापित भएको छ । यही कुरालाई मनन गर्दै पार्टी सभापतिले हाम्राभन्दा नि राम्रालाई प्रशय दिनु सक्दा मात्र संगठनले गति लिनेछ । यसका लागि सही ठाउँमा सही मान्छेलाई जिम्मेवारी गर्दा नै वहाँको कद उचो हुने देखिन्छ । यसको साथै नेपाली कांग्रेसको विधानको धारा २५ मा उल्लेख भए बमोजिम सभापतिलाई दिईएको अधिकारलाई अबिलम्ब गरिनु पर्दछ ।

हिजोको दिनसम्म जेल बसेको, यातना भोगेको, आन्दोलनको नेतृत्व गरेको, विद्रोह उठाएको कुराले नेताको वाञ्छनीय योग्यता मानिन्थ्यो । साथै हामीले क्रान्ति गर्‍यौं, राणाशासन ढलायौं, प्रजातन्त्र ल्यायौं, गणतन्त्र स्थापित गर्‍यौं भन्ने दलहरूको दाबा हुन्थ्यो । अब यी सबै कुरा गौण हुन लागेका छन् । यसलाई नेपाली कांग्रेसले गम्भीर रूपमा मनन गर्न आवश्यक छ ।

आजको दिनमा यी आन्दोलनमध्ये धेरै अथवा कुनै पनि आन्दोलनलाई नदेखेको, नभोगेको, नसुनेको र नजानेको पुस्ताको मतदाता संख्या अधिक भइसक्यो । यही यथार्थताको आधारमा पार्टीहरूले रणनीति तय गर्न जरूरी छ । २०६२/०६३ सालको आन्दोलन पछाडि जन्मेको बच्चाको समेत मताधिकार २०८४ मा सुनिश्चित हुने भएकोले आजको युवाले खोजेको समाजको पथ-प्रदर्शन कांग्रेसले गर्न सकेन भने २०८४ को आम निर्वाचनमा नेपाली कांग्रेसले ठूलो नोक्सानी व्यहोर्नु पर्नेछ ।

उपनिर्वाचनको नतिजालाई लिएर कांग्रेस पार्टी सभापतिले अब नेपाली कांग्रेस रूपान्तरण हुन जरूरी छ भनेर उदघोष गरिसकेका छन् । यही कुरा उनले एक वर्ष अगाडि सोचेको भए आजको स्थिति आउने नै थिएन । सभापतिको रूपमा दोस्रो कार्यकालको पदभार सम्हालेका पार्टी सभापति शेरबहादुर देउवाको सामु थुप्रै अवसर र चुनौतीहरू थुप्रिएका छन् । लोकतन्त्रको हिमायति पार्टीको पार्टी सभापति र संसदीय दलका समेत नेता रहेका देउवाले पार्टीको आन्तरिक लोकतन्त्रलाई बलियो बनाउदै स्वयं आफू ४६ वर्षमा गृहमन्त्री र ५० वर्षमा प्रधानमन्त्री भएको कुरालाई स्मरण गर्दै नवनिर्वाचित पदाधिकारीलाई सरकार संचालनको राजकाज सिकाउनु उनको दायित्व र कर्तव्य हो ।

तसर्थ अब पार्टी सभापतिको ध्यान सत्ता परिवर्तन भन्दा पनि संगठन विस्तार र पार्टीको सिद्धान्त, नीति र आदर्श स्थापित गर्नको लागि यथाशीघ्र नीति महाधिवेशन गर्नमा केन्द्रीत हुनु आवश्यक छ । साथै, विधानत: प्राप्त अधिकारको पूर्ण कार्यन्ययन गरी सम्पूर्ण भातृ संघ तथा शुभेच्छुक संस्थालाई पुनर्जीवन दिन ढिला गर्नु हुँदैन । यदि भातृ संघ तथा शुभेच्छुक संस्थालाई समयमा नै पूर्णता दिएको भए पछिल्ला सबै निर्वाचनमा उनीहरू पार्टीको पक्षमा ढाल बनेर उभिन्थे र नतिजा फरक हुन्थ्यो ।

अब पनि नेपाली कांग्रेसले नेविसंघ, तरूण दल, महिलासं घलाई तदर्थवादका रूपमा नै चलाउने हो भने अर्को दशकमा वीपीको आदर्श बोकेको कार्यकर्ता टर्च लाइट बालेर नै सिला खोजे झै खोज्नुपर्ने हुन्छ । त्यसैले युवा महामन्त्रीद्वले विधानले दिएको अधिकारलाई मनन गर्दै यथाशीघ्र कांग्रेसलाई चलायमान र सरकारलाई खबरदारी गर्नका लागि भातृसंघ तथा शुभेच्छुक संस्थालाई तुरुन्त पूर्णता दिनुपर्छ । अन्यथा, न त उनीहरूले प्रजातान्त्रिक शक्तिलाई कांग्रेसतर्फ आकर्षित गर्न सक्दछन् न त आफूलाई परिवर्तनको संवाहकको रूपमा स्थापित गर्न नै ।

२१ औं शताब्दीले विकास गरेको सूचना प्रविधि र यसले जबरजस्त ल्याएको परिवर्तनले आजका नागरिक हरेक कुराको परिवर्तन स्वयं नेताबाट होस् भन्ने चाहना राख्दछन् । तसर्थ कांग्रेसले आफ्नो संगठनलाई बलियो र मजबुद बनाउँदै युवालाई कांग्रेस नै परिवर्तनको संवाहक हो भन्ने कुराको प्रत्याभूति दिलाउने गरी काम गर्नुपर्छ । यसका लागि आवश्यक रणनीति तय गर्दै पार्टीलाई आमूल रूपान्तरण गर्न जरूरी छ । कांग्रेसले नीति महाधिवेशन मार्फत् आफूलाई समयसापेक्ष परिवर्तन नगर्ने हो भने यही पुस्ता सँगसँगै कांग्रेसपनि सकिने कुरामा कुनै द्विविधा छैन ।

छिमेक र अन्तर्राष्ट्रिय जगतसँगको सम्बन्ध र सम्झौतालाई समेत मध्येनजर गरी आर्थिक संकटको बेलामा वैदेशिक लगानी भित्र्याउने गरी पार्टीले कार्यदेश तयार गर्न आवश्यक छ । वीपीले भनेका थिए, 'म कुनै आर्थिक विशेषज्ञ होइन, तर जुन विकासले ग्रामीण जनतालाई पछाडि छोडिदिन्छ त्यो विकास विकास नै होइन ।' वीपीको यो आदर्श वाणीलाई मनन गर्दै देश विकासको समग्र खाका कोर्न कांग्रेसले अब ढिला गर्नु हुँदैन ।

इतिहासको विभिन्न कालखण्डमा राजनैतिक नेतृत्व गरेको र राजनैतिक परिवर्तनको संवाहकको रूपमा समेत रहेको कांग्रेसलाई आम नागरिकको जीवनशैलीसँग जोड्ने गरी कार्यक्रम र योजना ल्याउन सकिएन । फलत: कांग्रेसको उद्गम थलोको रूपमा रहेको तनहुँ र चितवनमा समेत गठबन्धनका तर्फबाट नेपाली कांग्रेसका उम्मेदवारद्वयले पराजय भोग्नु पर्‍यो । यो तितो यथार्थलाई भुल्दा भोलिको दिनमा कांग्रेसले ठूलो मूल्य चुकाउनु पर्ने हुन्छ ।

राजनीति सत्तामुखी होइन, परिवर्तनमुखी बन्नुपर्छ भन्ने सत्य र यथार्थ दलहरूले बिर्सँदा परम्परागत रूपमा रहेको आफ्नै मत नागरिकले अन्यत्र दिएर सचेत गराएका छन् । कांग्रेस जस्तो स्थापित दलको विचारशून्य र दिशाशून्य नेतृत्वले इतिहासको ब्याज मात्र माग्दा अब ब्याज होइन बीउ पुँजी नै समाप्त हुने खतरा बढेको छ । तसर्थ सामाजिक यथार्थता र बदलिंदो विश्व परिवेशलाई समेत मध्यनजर गर्दै नेपाली कांग्रेसले विज्ञ, दक्ष र समाज बुझेको व्यक्तिलाई उपयुक्त राजनैतिक जिम्मेवारी दिँदै युवापुस्तालाई कांग्रेसतिर आकर्षण गर्ने रणनीति तय गर्न विलम्ब गर्नु हुँदैन ।

*(साभार: अनलाइनखबर)*

भुटानी शरणार्थी काण्ड :

# लहरो तान्दा पहरो हल्लेला ?

डा. बद्रीप्रकाश ओझा

'पूर्वमन्त्री रायमाझीको छोरो प्रकरणले धेरैलाई तर्सायो होला, तर यो विषय बीचैमा सेलाउँछ, लेखेर राख्नुहोला, नत्र फेरि कुरा गरौंला । हाम्रो छिमेकमा चियागफका क्रममा एक अपरिचितले भने । परिचय माग्दा यसै बसिखान्छु भन्ने जवाफ दिए । उनले आफ्नो कुरालाई बलियो बनाउन पञ्चायतकालका दूधकाण्ड, सुनकाण्ड, नमिता-सुनिता काण्ड, बहुदलपछिका लाउडादेखि वाइडबडी आदि काण्डको सूची प्रस्तुत गरे । अन्त्यमा भने, 'ललिता निवासमा दोषी ठहरिएका नेताहरूलाई केही भो ?'

सन् १९८९ मा भुटानमा राजाविरोधी आन्दोलन सुरु भयो । टेकनाथ रिजाल लगायतका केही नेता भागेर नेपाल पसे । हामी कलेज पढ्थ्यौं । एक्कासि हाम्रो घर (झापाको बुद्धशान्ति) नजिकैका धेरै छिमेकीले घर बेचे । ती सबै घर भुटानी शरणार्थीले किनेका थिए । किन्नेमा टेकनाथ पनि थिए । त्यतिबेला भुटानबाट आउनेलाई गाउँमा भोटाँगे भन्थे । भुटानमा गोवध चल्छ भनेर उताबाट आएकालाई अलि बेग्लै किसिमले हेरिन्थ्यो । धनीमानी र यसो नाम चलेकाहरू सुटुक्क नेपाल पस्थे, पहाड जान्थे, आफन्तहरू गुहारेर नागरिकता लिन्थे र झापामा जग्गा किन्थे ।

सुरुमा आउनेमध्येका थिए, टेकनाथ रिजाल । उनी तत्कालीन भुटानका मन्त्री रहेछन् । हाम्रोमा पञ्चायत बाँकी नै थियो । एकरात प्रहरीले टेकनाथलाई पक्राउ गरेछ । हामीलाई भोलिपल्ट थाहा भयो । त्यतिबेला सार्क राष्ट्रबीच आतंकवादी सुपुर्दगी सन्धि लागू भएको थियो । सोही सन्धिअन्तर्गत नेपाल प्रहरीले पक्राउ गरी टेकनाथलाई भुटान सुपुर्दगी गर्‍यो । उनलाई चरम यातना दियो भन्नेमा शंका छैन ।

त्यसताका हाम्रा गाउँमा आउनेमध्येका एक छिमेकी भए, भण्डारी मामा । उनी पनि भोटाँगे नै हुन् । पाँचथर गएर उनले आफ्ना काकाबाबुहरूसँग हारगुहार गरेर नागरिकता बनाए । त्यतिबेलासम्म भुटानमा आन्दोलन सुरु नै भने भएको रहेनछ । त्यसअघि पनि भण्डारी मामाका छोराहरू छुट्टीमा भुटानबाट नेपाल आउँथे ।



उनीहरुले छोएको भण्डारी दम्पतीले खँदैनथे, कारण थियो, उनीहरू स्कुल पढ्थे । भुटान सरकारले नि:शुल्क शिक्षा दिन्थ्यो, तर गाईगोरुको मासु खानुपर्ने । मैले सोधैं- खान्न भन्न पाइँदैन मामा ? उनले जवाफ दिए- पाइन्छ तर मासु खाने भनेपछि खसी, कुखुरा, गाईगोरु, सुँगुर जेको भए पनि खानुपर्ने । रोज्न पाइने तर एउटै डाडुले पस्किने ।

त्यसैले उनी श्रीवैष्णव भएका रहेछन् । शाकाहारी भनेपछि फेरि अलग खान पाइने रहेछ । ती मामाका अनुसार, त्यति बेलासम्म भोटाँगेहरू रेडियो नेपालकै समाचार सुन्थे, छिटपुट पुगेको गोरखापत्र पढ्थे । राजा पनि नेपालकै मान्थे । उता भुटानको राजालाई त मान्नैपर्ने थियो । उताकालाई सानु राजा र यताकालाई ठूलो राजा मान्थे । गाईगोरुको मासु खान परोस्, नेपाली भाषामै बोल्न पाइयोस् र दौरासुरुवाल लगाउन पाइयोस् भन्ने मात्र उनीहरुको माग रहेछ । पछि यसैलाई प्रजातान्त्रिक आन्दोलनको रूप दिइयो । खासगरी नेपालमा २०४६ मा आन्दोलन भएपछि भुटानी नेपालीलाई ढाडस मिल्यो ।

भुटानले देश निकाला गरेपछि लगालग भारतीय ट्रकले नेपाली मूलका भुटानीलाई मेची पुलसम्म ल्याएर छोड्न थाल्यो । एक-दुई दिन सरकारले पनि थाहा पाएन । पाँच-सात हजार भुटानी आएपछि सरकारले बाटो छेक्यो र शरणार्थीसम्बन्धी संयुक्त राष्ट्रसंघीय उच्च आयोगले उनीहरूलाई आश्रय दियो ।

लामो समयसम्म भुटानीलाई फर्काउने नेपालको प्रयास विफल भएपछि करिब लाखको हाराहारीमा दुई दशकदेखि नेपालमा बसोबास गर्दै आएका भुटानीलाई विभिन्न मुलुकले नागरिकता प्रदान गरी स्थायी बसोबासको प्रस्ताव राखे । केही भुटानीले यो प्रस्ताव स्वीकार गरेनन् र अझै पनि झापाका केही शिविरमा उनीहरू नातिनातिना खेलाएर बसेका छन् । खासगरी आन्दोलनलाई साथ दिने एक तहका नेता-कार्यकर्ता र उता भुटानमा गाईगोरुको मासु खानुपर्छ भन्ने त्रासमा हुर्केको ज्येष्ठ पुस्ता विदेश जान मानेनन् ।

अब खेल सुरु भयो । यो क्रम अझै जारी रहेछ भन्ने रायमाझी पुत्रको पक्राउपछि थप प्रस्ट भएको छ । हुँदाहुँदा एकजना अध्यागमनका खरिदारले त तातोपानीबाट सरसमानका बोरामा ल्याइएका एक सय ३० जना तिब्बती शरणार्थीलाई पनि भुटानी निस्सा बनाइदिएर शरणार्थी शिविरमा पठाइदिएछन् । यो मैले आरोप लगाएको होइन, उनले नै भनेका हुन् । 'जनही एक लाखका दरले रकम लिई त्यतिबेला एक करोड ३० लाख कमाइयो,' उनी अझै पनि हर्षित मुद्रामा भन्छन्, 'सोमध्ये ३० लाख माथिसम्म टर्क्याइयो, दुई-चार लाख मोजमस्तीमा खर्चियो र बाँकी सेयरमा हालियो । पछि सेयर यसरी बढेर गयो कि काठमाडौंमा १० रोपनी त जग्गै जोडियो ।'

आईओएममा काम गर्नेहरूका अनुसार, त्यतिबेला नेपालीसँग विवाह गरी नेपालकै नागरिकता लिएका महिला पनि शरणार्थी हैसियतमा विदेश गए । भुटानी शरणार्थी केटी बिहे गरेर उनलाई समेत नेपालीकरण गरी नेपाली नागरिकता प्राप्त गरिसकेपछि पनि शरणार्थीकै हैसियतमा सपरिवार विदेश गए । आसाम, मेघालय, बर्मा, दार्जिलिङ, सिक्किमतिरबाट नेपाल आएका केही टाठाबाठा पनि शरणार्थी शिविरमा बसेर विदेश गए । हुँदाहुँदा एकजना साथीले त यस्तोसम्म बेहोरेछ कि छँदाखाँदाकी पत्नीसँग पारपाचुके गरेर शरणार्थी केटीसँग बिहे गरेर अमेरिका जानुपर्ने र छोडेकी पत्नी पनि अर्को भुटानीसँग बिहे गरेर अमेरिका जानुपर्ने, फेरि उता आ-आफ्नो परिवार छँदैछ । कतिपय यहाँ उल्लेख पनि गर्न नसकिने गरी हाडनातामै कागजी बिहे गरेर विदेश गए ।

यी खेलहरू राजनीतिक टेकोबिना भए होला त ? यो समस्या तबसम्म रहन्छ, जबसम्म नेपालमा भुटानी शरणार्थी रहन्छन् । भर्खै अहिले रायमाझीका बाबुछोरा र तत्कालीन गृहमन्त्रीको समेत नाम जोडिएको छ । त्यसअघिका गृहमन्त्रीले यस्तो काम नगरेका होलान् त ? त्यसैले अब यस काण्डले लहरो समात्यो, अब फहरो गर्जेला जस्तो छ । त्यतिबेला ती भुटानीलाई नागरिकताका लागि सिफारिस गर्ने तथा उक्त सिफारिसका आधारमा नागरिकता दिनेलाई कारबाही होला कि नहोला ?

मलाई रायमाझीका बाबुछोराको माया लागेर वा मेरा आफन्त भएर प्रश्न उठाएको होइन । म व्यक्तिगत रूपमा चिन्दा पनि चिन्दिनँ । अनि यसअघि भएका राजनीतिक टेकोमा भएका तमाम घोटालालाई थाँती राखेर अहिले किन यो प्रश्न उठ्यो ? ललिता निवासकाण्डमा एकजना पूर्वप्रधानमन्त्रीलाई जेल पठाउने षड्यन्त्र भएको ठोकुवा गर्ने एक उच्च कांग्रेसी नेताले टिकट नै नपाएको जगजाहेरै छ । ठीक छ, एउटा असल कार्यको सुरुवात भयो । अब राज्यले बिनापूर्वाग्रह यस्ता कार्यमाथि छानबिन गरोस् र दोषीमाथि कारबाही गरोस् । सबै काण्डका फाइल खोलिऊन् । नेपालीको पनि यही चाहना पक्कै छ ।

*(साभार: रातोपाटी)*

### पोखरा स्पोर्टस् अवार्ड :

# क्रिकेटर करण र फुटबलर सावित्रा सर्वोत्कृष्ट

पोखरा/पोखरा स्पोर्टस अवार्डको सातौं संस्करणको उत्कष्ट खेलाडीमा पुरुषतर्फ नेपाली राष्ट्रिय त्रिकेटका खेलाडी करण केसी र महिलातर्फ फुटबलकी सावित्रा भण्डारी साम्बा घोषित भएका छन् ।

नेपाल खेलकुद पत्रकार मञ्च गण्डकीले बर्सेनि अवार्ड वितरण गर्दै आइरहेको छ । उपाधिसँगै दुवै खेलाडीले इलेक्ट्रिक स्कुटर प्राप्त गरेका छन् । पुरुषतर्फ करणसँगै आर्चरीका गंगाबहादुर कुँवर र टेनिसका प्रदीप खड्का मनोनयनमा परेका थिए । नेपाली राष्ट्रिय क्रिकेट टोलीका मुख्य खेलाडी केसीको जन्म बागलुङमा भएको थियो । राष्ट्रिय टोलीबाट एक दिवसीय क्रिकेटमा बलिङ तथा फिल्डिङमा ४० खेल खेलेका उनले त्यस अवधिमा ३ सय १४ रन बनाएका छन् ।



यसैगरी टि-२० मा ४३ खेल खेल्दै २ सय ८९ रन बनाएका छन् । बलिङतर्फ एक दिवसीय क्रिकेट प्रतियोगितामा ४० खेल खेल्दै ६१ विकेट लिएका उनले टि-२० मा ४३ खेल खेल्दै ६० विकेट लिइसकेका छन् । करणले नेपाललाई आईसीसी विश्वकप लिग-२ मा शीर्ष ३ मा रहँदै सोझै विश्वकप छनोटमा पुऱ्याउनुको साथै आगामी चार वर्षसम्मलाई ओडीआई मान्यता जोगाउन महत्वपूर्ण योगदान दिएका थिए ।

नेपालका तीव्र गतिका बलर करण केसीले लिग-२ मा शानदार प्रदर्शन गर्नेक्रममा ३० खेलमा २१५.५ ओभरमा १ हजार १ सय ३ रन खर्चेर ५० विकेट लिए । १५ ओभर मेडन राखेका करणले तीन पटक पाँच विकेट लिए । उनले तीन पटक ४ विकेट लिएका थिए । गतवर्ष ओमानविरुद्ध दुबै खेलमा पाँच-पाँच विकेट लिएका थिए । त्यस्तै २०२० मा ओमान र अमेरिकाविरुद्ध त्रिवि क्रिकेट मैदानमा लगातार दुई पटक चार विकेट लिएका थिए । उनी समग्र लिग-२ मै सर्वाधिक विकेट लिने खेलाडीको सूचिमा छैटौं स्थानमा छन् ।

आईसीसी विश्वकप लिग-२ त्रिकोणात्मक ओडीआई सिरिजमा नामिबियाविरुद्ध कीर्तिमानी पाँच विकेट लिएका थिए । करण ओडीआई क्रिकेटमा पाँच विकेट ३ पटक लिने नेपाली पहिलो खेलाडी हुन् ।

उनी नवौं राष्ट्रिय खेलकुद प्रतियोगितामा क्रिकेटबाट स्वर्ण पदक जित्ने टिमका सदस्यसमेत हुन् । यसका साथै प्रधानमन्त्री कप एकदिवसीय राष्ट्रिय प्रतियोगिता सर्वोत्कृष्ट ब्याट्समेन चुनिए । ५ खेलमा ३४ ओभर बलिङ गर्दै १ सय २२ रन खर्चेर १३ विकेट लिएका करणले सेमिफाइनल खेलमा ६ विकेट लिए । 'यसरी नै खेलाडीलाई सम्मान गरेर फ्युचरमा अझै राम्रो गर्ने मौका दिनु भएकोमा हार्दिक धन्यवाद' पुरस्कृत भइसकेपछि खेलाडी केसीले प्रतिक्रिया दिए ।

यसअघि यो विधाबाट सितेरियो कराँतेका हेमन गुरुङ, लन टेनिसका कुमार अधिकारी, शारीरिक सुगठनका कमल भण्डारी, प्याराग्लाइडिङका युकेश गुरुङ, कराँतेका नविन रसाइली र टेनिसका प्रदीप खड्का पुरस्कृत भइसकेका छन् ।

**महिलातर्फ सावित्रा सर्वोत्कृष्ट**

त्यस्तै महिलातर्फ पोखरा स्पोर्टस् अवार्डको सातौं संस्करणको सर्वोत्कृष्ट फुटबलकी सावित्रा भण्डारी घोषित भएकी छन् । तर, उनी हाल खेलको दौरान भारतमा रहेकाले उनको पुरस्कार परिवारका सदस्यले ग्रहण गरेका थिए । उत्कृष्ट ३ मा सावित्रासँगै आर्चरीकी रोजिना थापामगर, तेक्वान्दोकी सुस्मिता थापामगर परेकी थिइन् ।

नेपाली राष्ट्रिय महिला फुटबल टोलीकी स्ट्राइकर २६ वर्षीया सावित्रा भण्डारी 'साम्बा' लमजुङमा जन्मिएकी हुन् । १२ वर्षको उमेर देखि खेल्न सुरु गरेकी उनी फुटबलभन्दा अघि एथ्लेटिक्स र भलिबल खेलाडी हुन् । उनले ०६९ मा भएको राष्ट्रपति रनिङ अर्न्तगत १०० मिटर दौडमा स्वर्ण जितेकी थिइन् । २०७० सालबाट फुटबल खेल्न सुरु गरेकी उनले सोही वर्ष राष्ट्रिय टिममा डेब्यु गरिन् । सन् २०१४ मा सम्पन्न साफ च्याम्पियनसिपमा उनले देशको प्रतिनिधित्व गर्दै पहिलो अन्तर्राष्ट्रिय प्रतियोगितामा सहभागी हुने अवसर पाइन् । त्यसपछि हालसम्म गरी उनले नेपालका तर्फबाट एक दर्जन अन्तर्राष्ट्रिय प्रतियोगितामा सहभागी भइसकेकी छन् । उनी ०७० सालदेखि विभागीय एपीएफ क्लबसँग आवद्ध छिन् । उनी भारतको क्लबमा समेत आवद्ध रहदै विभिन्न प्रतियोगिताहरुमा सहभागी हुँदै आएकी छिन् ।

यसअघि यो विधाको अवार्ड प्राप्त गर्ने खेलाडीमा भलिबलकी मञ्जु गुरुङ, सितेरियो कराँतेकी बिमला नेपाली, तेक्वान्दोकी पार्वती गुरुङ, करातेकी सुष्मी श्रेष्ठ छन् । भलिबलकी अरुणा शाहीले २ पटक सर्वोत्कृष्ट महिला खेलाडी बनेकी थिइन् ।

**सुवास उदीयमान, स्व. निसिम लाई कीर्तिशेष**

पोखरा स्पोर्टस् अवार्डको सातौं संस्करणको वर्षोत्कृष्ट उदीयमान खेलाडी क्रिकेटका सुवास भण्डारी घोषित भएका छन् । उनीसँगै उत्कृष्ट ३ मा परेका फुटबलका सुमित श्रेष्ठ र भलिबलका रवि केसीलाई पछि पार्दै उनी वर्ष उदीयमान खेलाडी घोषित भएका हुन् । १९ वर्षीय सुवास भण्डारी नेपाली राष्ट्रिय यु १९ का पहिलो रोजाइका अलराउन्डर हुन् भने गण्डकी प्रदेशका सोही टोलीका टिम कप्तानसमेत हुन् । नेपाललाई यु-१९ विश्वकप छनोटमा पुऱ्याउन उनको ठूलो योगदान रह्यो । नेपालले क्रिकेटको यु-१९ विश्वकप खेल्दैछ ।

भण्डारीले यसअघि विश्वकप छनोटका लागि पाँच खेल खेले । पाँच खेलमा उनले कुल ७ विकेट लिए । चार खेलमा उनले विकेट लिएका हुन् । सिंगापुर विरुद्ध १० ओभरमा २३ रन खर्चेर २ विकेट लिए । हङकङविरुद्धको खेलमा १० ओभरमा १० रन खर्चेर २ विकेट लिए । मलेसिया विरुद्धको खेलमा ९ ओभरमा ३० रन खर्चेर १ विकेट लिए । युएई विरुद्ध १० ओभरमा ३४ रन खर्चेर २ विकेट लिए ।

भण्डारी बागलुङमा जन्मिएपनि उनले कास्कीमा नै रहेर क्रिकेट करिअर अघि बढाएका थिए । राष्ट्रिय टिममा पर्नुअघि भएको प्रदेशस्तरीय छनोट खेलमा ६ खेल्दा १४ विकेट लिएका थिए । उनले विकेटमात्र होइन ६ खेलमा १२४ रन बनाएका थिए ।

प्रदेश छनोट पश्चात उनी यु-१९ टिमको सुरुआती २८ मा पर्न सफल भए । त्यसपछि अन्तिम अन्तिम १८ हुँदै अन्तिम १४ मा पर्न सफल भए । त्यस्तै, नवौं राष्ट्रिय खेलकुद प्रतियोगिताका क्रममा दुर्घटनामा परी मृत्यु भएका खेलाडी २८ वर्षीय निसिम थापालाई खेलकुद पत्रकार मञ्च, गण्डकीले कीर्तिशेष सम्मान अर्पण गरेको छ । थापाको प्रतियोगिताकै क्रममा प्याराग्लाइडिङ दुर्घटना हुँदा गत असोज ३० गते थापाको मृत्यु भएको थियो ।

*(स्रोत: अनलाइनखबर)*

# धमाधम फिल्म निर्देशनमा 'कमब्याक' गर्दै पुराना निर्देशक



काठमाडौं/पछिल्लो समय फिल्म निर्माणमा नयाँ नयाँ कथाको खोज भएको छ, जसको श्रेय पछिल्लो समय उदाएका निर्देशकहरूलाई पनि जान्छ । कथामा विविधता भित्रिए पनि फिल्मको व्यवसाय भने दिन प्रतिदिन गिर्दो छ । यसको कारण हिट फिल्म दिएका पुराना र राम्रा फिल्म निर्देशक हराउनु पनि एक रहेको धेरैको ठम्याई छ ।

यसै क्रममा पुराना निर्देशक पनि केही निर्देशनमा फर्किएका छन् भने केही फर्किने तयारीमा छन् । हिट फिल्म दिएका निर्देशक को के गर्दैछन् त ? रातोपाटीले केही निर्देशकको खोजीनिती गरेको छ ।

कलाकार, निर्माता, निर्देशक युवराज लामा पछिल्लो धेरै समय विभिन्न खेलकुदसम्बन्धी कार्यक्रममा व्यस्त छन् । राष्ट्रिय खेलकुद परिषद्को सदस्य सचिवसमेत भएका उनी अहिले नेपाल कराँते महासंघका अध्यक्ष पनि हुन् ।

लामाले फिल्म निर्देशन नगरेको १५ वर्ष भइसक्यो । २०६५ मा आएको 'धर्मात्मा'पछि उनले कुनै पनि फिल्म निर्देशन गरेका छैनन् । देश परदेश, खेलौना, धर्मपुत्र, प्रतिज्ञा, देउराली, देवदूत, मुस्कान लगायत १७ फिल्म निर्देशन गरेका लामा निर्देशनमा फर्किने तयारीमा छन् ।

तर उनी फिल्म निर्देशनको सम्पूर्ण तयारी गरेर पनि रेकिएका छन् । बजार राम्रो नभएकोले केही समय पर्खिएको अवस्था रहेको उनले बताए । छिट्टै फिल्मको छायाङ्कनमा जाने अनि फिल्मको विस्तृत जानकारी औपचारिक कार्यक्रम गरेरै सार्वजनिक गर्ने तर खरमा छन् उनी ।

**तुलसी घिमिरे** :तुलसी घिमिरेको निर्देशन रहेको फिल्म नआएका करिब ७ वर्ष भयो । २०७३ मा निर्माण गरेको 'दर्पण छाया २' पछि उनको कुनै फिल्म आएको छैन ।

बाँसुरीबाट निर्देशनमा देखिएका घिमिरेले कुसुमे रुमाल, अन्याय, लाहुरे, चिनो, दुई थापा आँसु, कोसेली, दक्षिणा, देउता, दर्पण छाया लगायतका करिब २ दर्जन फिल्म निर्देशन गरेका छन् । घिमिरेका थुप्रै फिल्मले प्रदर्शनको ५१ औं र १००औं दिन मनाउन सफल छ । पछिल्लो समय केही वृत्तचित्र निर्माणमा गरिर हेका उनी पनि एक फिल्म निर्देशन तयारी गरिरहेको बताउँछन् ।

**नारायण पुरी** : शङ्कर, सौता, महादेवी, सान्नानी, रगत जस्ता एक समय एकपछि अर्को गर्दै थुप्रै हिट फिल्म दिएका निर्देशक नारायण पुरीको पनि 'अल्पविराम' पछि कुनै पनि फिल्म आएको छैन । उनको पनि निर्देशनमा धेरै समय ग्याप भएको छ । अहिलेसम्म २९ फिल्म निर्देशन गरेका पुरीका थुप्रै फिल्मले प्रदर्शनको ५१ औं दिन मनाउन सफल छन् ।

थुप्रै टेलिसिरियल, ८० भन्दा बढी डकुमेन्ट्री बनाएका पुरीको केही समय अमेरिका बसाइँ, वृत्तचित्र निर्माण र केही टेलिभिजनसँग सहकार्यको कारण निर्देशनमा ग्याप भएको हो । पुरी अहिले भने फिल्मको तयारीमा छन् । उनको एक फिल्म अन्तर्राष्ट्रिय फेस्टिभल लक्षित छ भने अर्को कमर्सियल । फिल्मको भदौबाट फिल्म सुटिङ गर्ने तयारीमा छन् उनी । साथै, सरकारसँग मिलेर पर्यटन प्रवर्द्धन गर्ने फिल्म फेस्टिभल पनि गर्ने तयारी उनको छ ।

**नरेश पौड्याल** : नरेश पौड्याल पछिल्लो समय फिल्म निर्देशनभन्दा पनि अभिनयमा व्यस्त छन् । अहिले 'आउट ल' फिल्म अभिनय तखरमा रहेका उनको अभिनय रहेको फिल्म गत वर्ष प्रेमगञ्ज, महापुरुष, ह्यारीकी प्यारी थिए । अपराध, धर्म, चुनौती, हिरो, कस्तो साइनो, यस्तै रहेछ जिन्दगी, धड्कन, अभिमन्यु, दीपशिखा जस्ता फिल्म निर्देशन गरेका पौडेल १३ वर्षदेखि फिल्म निर्देशनबाट बाहिर छन् ।

अहिले उनी 'धड्कन २' मार्फत निर्देशनमा फर्किने तयारीमा छन् । फिल्मको लेखन र गीतसंगीतको काम भइरहेको छ । भदौ, असोजमा फिल्म फ्लोरमा लैजाने योजना रहेको उनले सुनाए ।

**दयाराम दाहाल** : निर्देशक दयाराम दाहालको पनि फिल्म नआएको ६ वर्ष भयो । 'रानी' पछि उनको कुनै पनि फिल्म आएको छैन । 'भरिया' बाट फिल्म निर्देशनमा होमिएका उनले 'दौंतरी, ठूल्दाइ, चाँदनी, जंगे, ढुकढुकी, तँ त साह्रै बिग्रिस् नि बद्री, भरिया, दाइजो, जेठ कान्छो, अग्निज्वाला, भाग्यविधाता, देबाटोलगायत थुप्रै हिट फिल्म दिए ।

४० फिल्म निर्देशन गरेका उनी चलचित्र विकास बोर्डका निवर्तमान अध्यक्ष हुन् । केही वर्ष चलचित्र विकास बोर्ड, केही पुस्तक लेखन र केही आन्तरिक काममा अल्झिएकोले फिल्म निर्देशनमा ग्याप भएको उनी बताउँछन् । 'पहिलेदेखि नै एक फिल्मको काम गरिरहेको थिएँ । त्यो आगामी भदौ, असोजबाट फ्लोरमा लैजाने तयारी छ,' उनले भने ।

**मदन घिमिरे** : निर्देशक मदन घिमिरे अहिले जापानमा छन् । पारिवारिक भेटघाट र घुमघामको उद्देश्यले उनी केही महिनाअघि जापान पुगेका हुन् । 'डन', 'दादागिरी', 'मिस्टर डन' लगायत थुप्रै हिट फिल्म दिएका घिमिरे पछिल्लो समय 'आँधी तुफान २' मा देखिए । उनी अहिले फिल्म 'दौड' निर्माणमा जुटेका छन् । जुन चलचित्र विकास बोर्डमा दर्तासमेत गरिएको छ ।

हरेक मानिसले दैनिक जीवन जिउने क्रममा केही न केही दौड गरिरहेको हुन्छ । त्यही विषयलाई सिम्पल तवरबाट उनले फिल्ममा पस्किन लागेका हुन् । जापानबाट फर्किएपछि यो फिल्मको काम अगाडि बढ्ने उनले बताए ।

**ज्ञानेन्द्र देउजा** : निर्देशक ज्ञानेन्द्र देउजा अहिले केही फिल्म निर्देशन गर्ने तयारीमा छन् । गत वर्ष रिलिज भएको हिट फिल्म 'झिँगे दाउ' मार्फत १२ वर्षपछि निर्देशनमा फर्किएका देउजासँग तीन फिल्म हातमा छ ।

अभिनेत्री रेखा थापाले निर्माण गर्ने एक फिल्म, हिफाजत २' र 'जेलब्रेकर' उनका आगामी तीन फिल्म हुन् । रेखाको फिल्मको लेखनकार्य भइरहेको छ । हिफाजत २' उनको हिट फिल्म 'हिफाजत'को सिक्वेल हो । 'जेलब्रेकर' छविराज ओझाले बनाउन लागेका हुन् । गोर्खाली, कुरुक्षेत्र, मुनामदन, देवरबाबु, हिफाजत जस्ता हिट फिल्म दिएका देउजा तीनै फिल्म छिट्टै गर्ने बताउँछन् ।

**राजेन्द्र उप्रेती** : सिलसिला, गिरफ्तार, भरोसा, जय शिव शङ्कर, निगरानी, मनमनै मनपराएँ जस्ता थुप्रै हिट फिल्म दिएका छन् निर्देशक राजेन्द्र उप्रेतीले । उनी पनि निर्देशनमा फर्किने तरखरमा छन् । सुरेश हमालले बनाउन लागेको एक फिल्म उनले छिट्टै निर्देशन गर्दैछन् । गीत तथा कथाको काम भइरहेको फिल्मको नाम भने अहिले गोप्य राखिएको छ । फिल्मको छायाङ्कन असोजबाट गर्ने सोच उनको छ । उनी फिल्म निर्देशनबाट ग्यापको समय एसटिसी अटो नामक अटोमोबाइलको व्यवसायमा आबद्ध छन् । उनी १२ वर्षपछि निर्देशनमा देखिन लागेका हुन् ।

**दीपक श्रेष्ठ** : दीपक श्रेष्ठ केही समय अगाडि मात्र 'घिन्ताङ'मार्फत निर्देशनमा फर्किएका छन् । 'घिन्ताङ' ९ वर्षपछि उनले निर्देशन गरेका हुन् । 'घिन्ताङ' मार्फत उनले अन्तरजातीय प्रेमकथा पस्किएका छन् । फिल्म प्रदर्शनको तयारीमा छ । अब नियमित फिल्म निर्देशन गर्ने उनको सोच छ ।

गाउँले, दु:ख, जीवनसाथी, राम-लक्ष्मण, पापी मान्छे, पर्खी बसेँ, हिम्मत, वाचा जस्ता थुप्रै हिट फिल्म दिएका श्रेष्ठ सञ्चारकर्मी पनि हुन् ।

**रमेश बुढाथोकी** : रमेश बुढाथोकी पनि करिब ७ वर्षदेखि फिल्म निर्देशन बाहिर छन् । अभिनयमा भने उनको सक्रियता बढ्दो छ । उनको पछिल्लो समय 'ग्याम्लर एक जुहाडे' आएको थियो ।

दर्जन फिल्म निर्देशन गरेका बुढाथोकीले कोरोना सुरु हुनु अगाडि एक फिल्म फ्लोरमा लैजानै लागेको थिए । कोरोनाको कारणले त्यो समय फिल्म छायाङ्कन हुन सकेन । त्यसपछि विषय पुराना भएकोले नयाँ विषयको खोजीमा लागे ।

राम्रो विषय र कथा पाए फिल्म गरिहाल्ने बुढाथोकीको सोच छ । उनले ३ सय हाराहारी सिरियलसमेत निर्देशन गरेका छन् ।

*(स्रोत: रातोपाटी)*

# घट्दै उपभोग्य सामाग्रीको मूल्य

## गहुँको सिजनमा घट्यो आँटा र मैदाको भाउ



काठमाडौं/नेपाल फ्लोर मिल एसोसिएसनले बजारमा नेपाली उत्पादन आउन सुरु भएपछि गहुँको मूल्य घट्न थालेको जानकारी दिएको छ । यससँगै, गहुँबाट उत्पादित मैदा र आँटाको मूल्य समेत सस्तिन थालेको छ । यतिबेला बजारमा धमाधम नेपाली उत्पादन आइरहेको छ । फलस्वरुप गहुँको मूल्यसँगै यसबाट उत्पादित वस्तुहरूको समेत मूल्य घट्न थालेको हो ।

यसअघि, प्रतिकिलो ५५ रुपैयाँसम्म पुगेको गहुँको मूल्य नयाँ उत्पादन आएपछि ४५ रुपैयाँसम्म सस्तिएको छ । यससँगै, यसअघि प्रतिकिलो १०० रुपैयाँ आसपास पुगेको मैदा र आँटाको खुद्रा मूल्य प्रतिकिलो ७० रुपैयाँसम्म आइपुगेको हो । नेपाल फ्लोर मिल एसोसिएसनका वरिष्ठ उपाध्यक्ष दिनेशकुमार अग्रवालले नयाँ उत्पादन आएपछि आँटा र मैदाको मूल्य घट्न थालेको बताए ।

'नेपाली उत्पादन बिक्री हुन थालेपछि गहुँको मूल्य किलोमा १० रुपैयाँ घटेको छ,' अग्रवालले भने, 'यससँगै, आँटा र मैदाको खुद्रा मूल्य किलोमा ३० रुपैयाँसम्म घटेको छ ।' तर, गत वर्षको तुलनामा भने यस वर्ष गहुँको मूल्य १० रुपैयाँ प्रतिकिलोसम्म महँगो छ । अघिल्ला वर्षको सिजनमा गहुँको सुरुवाती मूल्य प्रतिकिलो ३५ रुपैयाँ हाराहारी थियो । जुन, यो वर्ष ४५ रुपैयाँ कायम छ ।

खास गरी, वैशाख र जेठलाई गहुँको सिजन मानिन्छ । यो समयमा किसानले गहुँको उत्पादन भित्र्याइसकेर बजारमा बिक्रीमा लग्छन् । यही क्रममा उद्योगहरूले किसानसँग घरमै पुगेर समेत गहुँ किन्छन् र आवश्यकताअनुसार भण्डारण गरेर राख्छन् । नेपालमा गहुँलाई कच्चा पदार्थका रुपमा प्रयोग गरेर त्यसबाट आँटा र मैदा लगायतको पिठो बनाउने उद्योगहरूको संख्या ४० वटा हाराहारी छन् ।

यी उद्योगहरूमा समेत गरी वार्षिक कूल ८ लाख मेट्रिक टन गहुँ नेपाली बजारमा खपत हुन्छ । यसमध्ये ५ लाख मेट्रिक टन गहुँ आयात गर्नुपर्ने र बाँकी ३ लाख मेट्रिक टन गहुँ स्वदेशमै उत्पादन हुने गरेको एसोसिएसनको भनाई छ । यो ७० र ३० प्रतिशतको आँकडा हो । तर, भारतले गत वर्षको जेठ पहिलो सातादेखि लागू हुने गरेर गहुँको निर्यातमा प्रतिबन्ध लगाएको थियो ।

रुस-युक्रेन युद्धका कारण विश्वभर गहुँको माग बढ्दै जाँदा त्यसको आपूर्ति शृंखला नै प्रभावित बनेको थियो । भारत विश्वको सबैभन्दा ठुलो गहुँ उत्पादक र निर्यातकर्ता मुलुक हो । उक्त समयमा भारतीय आन्तरिक बजारमा निर्यातका कारण गहुँको मूल्य अस्वभाविक रुपमा बढ्न थालेसँगै निर्यात नै प्रतिबन्ध लगाएको थियो । तर, भारतले विश्वका २० देशको सूची तयार पार्दै परिमाणात्मक निर्यातका लागि कोटा तोकेको थियो ।

उक्त कोटा प्रणालीअनुसार नेपाललाई वार्षिक ५० हजार मेट्रिक टन गहुँ निर्यात गर्ने व्यवस्था भारत सरकारले गऱ्यो । जसअनुसार भार तबाट ५० हजार मेट्रिक टन गहुँ चैतदेखि नै आउन थालेको र नयाँ उत्पादन समेत आउँदा मूल्य घटेको हो । तर, गहुँ र यसबाट उत्पादित आँटा तथा मैदालाई कच्चा पदार्थका रुपमा प्रयोग गर्ने उद्योगहरूले बढाएको मूल्य भने फिर्ता भएको छैन ।

गहुँबाट उत्पादित मैदा र आँटालाई कच्चा पदार्थका रुपमा प्रयोग गरेर चाउचाउ, बिस्कुट, पाउरोटी लगायतका वस्तु उत्पादन हुन्छन् । यी उत्पादकहरूले यस्ता वस्तुको मूल्य बढाउनुका साथै उत्पादित वस्तुको परिणाम (तौल) समेत घटाएका छन् । तर, मूल्य घटाउने र तौल बढाउनेतर्फ उनीहरूको ध्यान पुगेको भने देखिँदैन । यसअघि, भारततर्फको निर्यात खुम्चिँदा खानेतेल उद्योगीहरूले समेत मूल्य घटाएका थिए । उनीहरूले प्रतिकार्टुन ५०० रुपैयाँदेखि ७०० रुपैयाँसम्म मूल्य घटाएका थिए ।

# क्यारेक्टर बुझ्न समाज बुझ्नुपर्छ : महेश त्रिपाठी

काठमाडौं/शिक्षकलाई समाजको आदर्श व्यक्ति मानिन्छ । उनीहरुलाई हरेक कुराको ज्ञान हुनुपर्छ भन्ने मान्यता छ । कलाकार महेश त्रिपाठी पनि शिक्षक हुन्, अभिनयका । लामो समयदेखि उनले फिल्म कलेजमा अभिनयको विभिन्न आयामबारे पढाउँदै/सिकाउँदै आएका छन् । अभिनयकै शिक्षक भएकाले उनलाई अभिनयमा कमजोर हुन छुट छैन भनिन्छ । तर, यो बुझाइप्रति सहमत छैनन्, महेश ।

बाहिरबाट हेर्दा शिक्षक हो त्यसैले राम्रो अभिनय गर्नुपर्छ भन्ने लागेता पनि पाएको चरित्रलाई न्याय गर्ने जिम्मेवारी हरेक कलाकारको हुने उनको जिकिर छ । आफूले पनि यसलाई जिम्मेवारीको रुपमा नै लिने उनी बताउँछन् । उनी भन्छन्, 'शिक्षक हो त्यसैले राम्रो अभिनय गर्नुपर्छ भन्ने होइन । कलाकार हो त्यसैले राम्रो गर्नुपर्छ भनेर सोच्नु पर्छ । एउटा कलाकारले कलाकारिता राम्रो गर्नुपर्छ ।'

नेपाली फिल्ममा करिब एक दशक बिताइसकेका उनले मुख्य भूमिकामा अभिनय गरेको पहिलो फिल्म 'हल्कारा' यही बैशाख २९ गतेबाट प्रदर्शनमा आउँदैछ । कलेजमा पढाउँदै गर्दा उनलाई यो फिल्मको स्क्रिप्ट पढ्नलाई प्रस्ताव आएको थियो । त्यसबेला उनले 'फिडब्याक' लिनका लागि हुनसक्ने ठानेका रहेछन् । जब स्क्रिप्ट पढ्दै गए तब उनलाई नै फिल्ममा अभिनय गर्ने हुटहुटी जाग्यो ।

उनी सम्झन्छन्, 'स्क्रिप्ट पढ्दा पढ्दै एक्खालको लोभ लाग्यो । किनकि, यो राम्रो सम्भावना भएको स्क्रिप्ट हो । यस्तोमा त मैले पनि काम गर्नुपर्छ भन्ने लाग्यो । अनि म पनि अडिसन दिन्छु नि भनेर निर्मातालाई भनें । उहाँहरुले मलाई लिने 'प्लान' बनाइसक्नुभएको रहेछ । तर, मलाई थाहा थिएन । मैले अडिसन दिएँ । स्क्रिन टेस्ट, अरु कलाकारहरुसँगको केमेस्ट्री हेरेपछि फिल्ममा म जोडिएँ ।'

फिल्ममा उनी छनोट त भए तर पहिलो पटक लिड क्यारेक्टर गर्न लागेकाले उनलाई चुनौती महसुस भैरहेको थियो । त्यसका लागि उनले चरित्र निर्माणमा पर्याप्त समय लिए । समाजसँग घुलमिल भए । 'कोठाभित्र बसेर क्यारेक्टर बुझिँदैन,' उनको बुझाइ छ, 'क्यारेक्टरको मनोदशा किन निर्माण भएको छ भन्ने निष्कर्ष निकाल्न समाजको गहन अध्ययन गर्नुपर्छ । मैले पनि त्यो प्रयास गरेँ ।'

फिल्ममा उनले हल्कारा अर्थात् चिठी पुऱ्याउने हुलाकीको भूमिका निभाएका छन् । उनलाई आफूले निभाएको चरित्रमा समाजको चित्र देखिन्छ भन्ने लाग्छ । 'मैले निर्वाह गरेको चरित्रमा समाजको चित्र छ । जति बेला चिठ्ठीको समय थियो, त्यो बेलाको युवाहरुको अवस्थालाई देखाइएको छ । फिल्मले एउटा मात्र चिजलाई समेटेको छैन, सबै चिजहरुको समिश्रण मेरो चरित्रमा छ,' उनी सुनिए ।

फिल्मले उठाएको कथा हरेक घरको रहेको उनको जिकिर छ । यसैले दर्शकले आफ्नो कथा महसुस गर्ने उनको विश्वास छ । 'मैले निर्वाह गरेको क्यारेक्टरमा युवाले आफ्नो चित्र देख्न सक्छन् भने फिल्मको समग्र कथाभित्र हाम्रो घर र समाज देखिन्छ,' उनले भने । वैदेशिक रोजगारीले समाज र युवाहरु कस्तो असर गरिरहेको छ भन्ने विषयलाई फिल्मले गहन ढंगले उठाएको उनको भनाई छ ।

ट्रेलर रिलिजपछि केहीले 'हल्कारा'लाई आर्ट हाउस संरचनाको फिल्म मानिरहेका छन् । तर, फिल्मले तीन करोड नेपालीको कथा भनेकाले यो कमर्शियल फिल्म रहेको महेशको तर्क छ । उनी कुनै पनि फिल्मलाई आर्ट हाउस र कमर्शियल भनेर वर्गिकरण गर्ने पक्षमा भने छैनन् । फिल्म निर्माणको चरणसम्म आर्टिस्टिक हुने र हलमा प्रदर्शन भएपछि कमर्शियल हुने उनको स्पष्ट बुझाइ छ ।

उनी भन्छन्, 'हरेक फिल्म कमर्शियल हुन्छ । किनभने, त्यहाँ लगानी हुन्छ । र, म फिल्मलाई आर्ट हाउस र कमर्शियल भनेर चाहिँ हेर्दिनँ । त्यसरी हेरिनु पनि हुँदैन । फिल्म बनाउँदासम्म आर्टिस्टिक हुन्छ र त्यसपछि जब मार्केटमा जान्छ तब कमर्शियल हुन्छ । तर, हरेक फिल्मको भ्यालू आ-आफ्नै हुन्छ । 'हल्कारा'मा तीन करोड नेपालीको कथा छ । अनि यो जत्तिको कमर्शियल के हुन्छ ?'

*(स्रोत: फिल्मीखबर)*

**के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?**

Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

एक बर्षको वारेन्टीका साथै दुई बर्ष फ्रि सर्भिस पनि गरिन्छ प्रिन्टर किन्दा एउटा कार्टेज सित्तैमा लैजानुहोस् ।

Printer Shop

The complete office solution

Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4

tonerhouse_htd@yahoo.com

"तपाई हामी सबैको कुरा"

कोरोना महामारीले समस्याग्रस्त अवस्थामा पनि हाम्रो प्रकाशन रोकिएको छैन, निरन्तर जारी छ ।

साझाकुरा

हामी तपाईंहरुकै माझमा छौं, पाठकको चाहनालाई मध्यनजर गर्दै परिष्कृत ढंगले अघि बढ्दैछौं ।

प्रकाशनको वर्षदेखि निरन्तर 'क' वर्गमा सूचिकृत

साझाकुरा राष्ट्रिय दैनिक



वेवसाइटमा संसारभरबाट पढ्न सकिन्छ ।

www.sajhakuranews.com



जिल्लाको उत्तरी क्षेत्रस्थित थाहा नगरपालिका वडा नम्बर ४ किटेनीको घलेडाँडा किरातेश्वर महादेव मन्दिर परिसरमा रहेको किटेनी चौतारीको पुनर्निर्माण कार्य गर्दै स्थानीय युवाहरु । स्थानीय सरकारको सहयोगमा किटेनीको चर्चित महादेव मन्दिरसँगै चौतारोलाई पनि रंगरोगंन गरेर झकीझकी बनाउन खोजिएको छ । स्थानीय ज्येष्ठ नागरिकका लागि किटेनी चौतारी हरेक दिन समय बिताउने थलो बनेको छ । *तस्बिर: साझाकुरा ।*

# ज्ञानदीप बहुद्देश्यीय सहकारीको शेयर पुँजी झण्डै १ करोड

साझाकुरा संवाददाता

हेटौंडा, २३ वैशाख/ हेटौंडा उपमहानगरकै उत्कृष्टमध्ये एक जिएस निकेतन माध्यमिक विद्यालय सञ्चालन गरिरहेको ज्ञानदीप बहुद्देश्यीय सहकारी संस्था लिमिटेडको वार्षिक साधारणसभा भएको छ ।

शनिवार सहकारीका अध्यक्ष जिधराज ढकालको सभाध्यक्षता तथा बागमती प्रदेशको सामाजिक विकासमन्त्री कुमारी मोक्तानको प्रमुख आतिथ्यतामा साधारणसभामा भएको हो । साधारणसभालाई सम्बोधन गर्दै मन्त्री मोक्तानले सहकारी र विद्यालयको योजना दुदर्शी हुनुपर्ने बताइन् । जनताको छोराछोरीले सर्वसुलभ रुपमा गुणस्तरीय शिक्षा जिएस निकेतनबाट लिनु पाउनुपर्नेमा उनले जोड दिइन् । संस्थागत विद्यालयमा उत्कृष्ट बन्दै आइरहेको भन्दै जिएस निकेतनलाई आगामी सफलताको शुभकामना पनि उनले दिइन् । मन्त्री मोक्तानले सहकारी र विद्यालय दुवै टिकाउनुपर्ने र सरकारबाट सहयोग हुने विश्वास दिलाएकी छन् ।



साधारणसभाको अबसरमा सहकारीका अध्यक्ष ढकालले संस्थागत प्रतिवेदन, कोषाध्यक्ष मोहनप्रसाद न्यौपानेले कोषाध्यक्षको प्रतिवेदन प्रस्तुत गरेका थिए । अध्यक्ष ढकालले तल्ला कक्षाहरुमा सुविधाजनक बेञ्च उपलब्ध गराइएको, नयाँ तेस्रो बस खरिद गरी विद्यार्थी यातायातमा सहजीकरण गरिएको, १० धुर जग्गा खरिद गरिएको, सरकारी मापदण्ड अनुसार विद्यार्थी छात्रवृत्ति प्रदान गरिएको, शैक्षिक सुधारका लागि रणनीतिक योजना अघि बढाएको जानकारी दिँदै आगामी दिनमा बाल उद्यान, विद्यालयको विषयगत ल्याबको व्यवस्थापन, प्रविधिमैत्री कक्षा कोठा निर्माणमा जोड गरिएको जानकारी गराएका छन् । सहकारीको शेयर पुँजी ९४ लाख ३० हजार रहेको छ ।

साधारणसभाको अबसरमा सहकारीका पूर्वअध्यक्ष केशवबहादुर श्रेष्ठलाई नगदसहित सम्मान गरिएको छ । विद्यालयका पूर्वप्रिन्सिपल भोलाप्रसाद शिवाकोटी र पत्रकारिताको माध्यमबाट विद्यालयको विकासमा योगदान पुर्‍याएको भन्दै राजन दाहाललाई नगदसहित सम्मान प्रदान गरिएको थियो । सहकारीले कविता संग्रह पुस्तक प्रकाशन गरेको भन्दै विद्यार्थी समर्पण न्यौपाने र भागवत गीताको अध्ययनपश्चात अंग्रेजीमा 'मेकिङ इट इजी' पुस्तक प्रकाशन गरेका आदर्श पौडेललाई २० हजार नगदसहित सम्मान प्रदान गरेको छ । साधारण सभामा भूमि आयोग मकवानपुरका अध्यक्ष विष्णुप्रसाद दाहाल, हेटौंडा-५ का वडाध्यक्ष सुशिल घिमिरे, १८ का वडाध्यक्ष अनिल बानियाँ, दिव्यतारा बहुउदेसीय सहकारीका अध्यक्ष डा. गणेश लामालगायतको आतिथ्यता थियो ।

# हेटौंडा क्याम्पस 'क्युएए' मान्यता नजिक

साझाकुरा संवाददाता

हेटौंडा, २३ वैशाख/ हेटौंडा क्याम्पस, हेटौडामा विश्वविद्यालय अनुदान आयोगको समिक्षा टोलीले ५ दिने अभिमूखीकरण गरेको छ । टोली संयोजक प्रा.डा. सुनीति हाडा, विज्ञ प्रा.डा. विनोद लुइँटेल, विज्ञ (त्रिवि पत्रकारिता बिभाग प्रमुख) प्रा.डा. चिरञ्जीवी खनाल, विश्वविद्यालय अनुदान आयोगका सचिवालय सदस्य संविदा पाठकले मूल्यांकन एबम् अभिमुखीकरण गरेका हुन् ।

क्याम्पस संचालक समिति अध्यक्ष आनन्दराम पराजुलीको सभाध्यक्षतामा शनिबार क्याम्पसमा भएको समापन कार्यक्रममा क्यूएए मान्यता नपाएका कलेजको उत्पादनले अन्तराष्ट्रिय जगतमा प्रतिष्पर्धा गर्न अयोग्य हुने बताइएको छ । अध्यक्ष पराजुलीले भने-अब हामी केही दिनमा 'क्यूएए' प्रमाणित क्याम्पसको रुपमा परिचित हुँदैछौं ।

गुणस्तर सुनिश्चितता तथा प्रत्यायान (क्युएए) मान्यता पाएका कलेजबाट उत्पादित विद्यार्थीले जुनसुकै क्षेत्रमा प्रतिष्पर्धा गर्न सक्ने भएकाले पनि यो जरुरी रहेको अध्यक्ष पराजुलीले बताए । विश्वविद्यालय अनुदान आयोग (युजिसी) ले निर्धारण गरेको मापदण्ड पूरा गर्ने विषयमा क्याम्पस संचालक समिति प्रतिबद्ध रहेको पनि पराजुलीले बताए ।



२०४७ सालमा शिक्षा संकायको अध्यापन गराउने गरी स्थापित हेटौंडा क्याम्पसमा क्युएए मान्यताका लागि कलेजका प्राध्यापकहरुले बिभिन्न समितिहरु निर्माण गरी मापदण्ड पूरा गर्ने अभियानमा लागेर आज यो स्थानमा आइपुग्न सफल भएको क्यापसप्रमुख देवचन्द्र मानन्धरले बताए । कलेजको संगठन, संगठनको नीति, पाठ्यक्रम, शिक्षण प्रक्रिया, शिक्षकहरुको अनुसन्धानसम्बन्धी क्रियाकपाल, पर्याप्त पूर्वाधार संरचना, कलेजले विद्यार्थीलाई गर्ने सहयोग, अभिभावक र सर्वसाधारणमा गरिने सूचना प्रवाहलगायतका आधारक्षेत्र पूरा गर्ने क्रममा हेटौंडा क्याम्पसले काम गरिरहेको प्रमुख मानन्धरले जानकारी दिएका छन् ।

बिज्ञटोलीका सदस्य त्रिवि पत्रकारिता बिभाग प्रमुख प्रा.डा. खनालले क्यूएए मान्यता प्राप्त गर्नु गन्तब्य नभइ यात्रा मात्र भएको बताए । 'यो डेस्टिनेसन होइन, केवल जर्नी मात्र हो' प्राडा खनालले भने । स्थानीय अभिभावक, विद्यार्थी, कलेजका प्राध्यापक, संचालक समितिका पदाधिकारी सहभागी कार्यक्रममा हालसम्मको उपलब्धी र आगामी दिनमा गर्नुपर्ने कार्यका बारेमा छलफल गरिएको थियो । कार्यक्रममा बिज्ञटोली सदस्य प्राडा लुईटेलले अबका दिनमा अवसर र चुनौती दुबै साथमा रहेको बताएका थिए ।

मकवानपुरको उच्च शिक्षा आर्जन गर्ने शैक्षिक संस्थामा क्यूएए पाउने पहिलो निजी शैक्षिक संस्था हेटौंडा स्कूल अफ म्यानेजमेन्ट हो । समग्रमा भने क्युएए मान्यता पाउने म्यानेजमेन्ट दोस्रो हो । यसअघि नै देशका ठूला सामुदायिक क्याम्पसमध्ये एक मकवानपुर बहुमुखी क्याम्पसलाई विश्वविद्यालय अनुदान आयोगले गुणस्तर सुनिश्चितता तथा प्रत्यायानको मान्यता दिएको थियो ।

# बालविवाह गर्नेमा बालिकाको बढी उद्दार

साझाकुरा संवाददाता

हेटौंडा, २३ वैशाख/ मकवानपुरमा बालविवाह गर्नेमा बालक भन्दा बालिका बढी रहेको एक तथ्यांकले देखाएको छ ।

२० वर्षभन्दा कम उमेर मा विवाह गर्न कानुनले बर्जित गरेता पनि बालविवाह गर्नेमा बालिका बढी रहेको पाइएको हो । सन् २०२२ मा ५ बालक तथा ३१ बालिकाको बाल विवाह रोकिएको सिविन बाल हेल्पलाइन मकवानपुरले जनाएको छ । सन् २०२३ को ४ महिनामा ५ जान बालकको बालविवाह रोकिदा ८ बालिकाको विवाह रोकिएको छ । सन् २०२१ मा मकवानपुरमा १२ बालकको बालविवाह रोकिएको छ भने यसैवर्ष ३८ बालिकाको बालविवाह रोकिएको थियो । मकवानपुरमा हुने बालविवाहमा बालकभन्दा बालिकाको संख्या दोब्बरभन्दा बढी हुने गरेको तथ्यांकले देखाएको छ ।

नेपालमा सन २०३० सम्म बालविवाहमुक्त बनाउने लक्ष्य लिइएको छ । तर, बालविवाह न्यूनीकरणको समस्या झन् झन् चुनौतीपूर्ण हुदै आएको सिविन बाल हेल्पलाईन मकवानपुरका प्रबन्धक झविन्द्र ज्ञवलीले जानकारी दिए । बालबालिका सम्बन्धी ऐन, २०७५ अनुसार २० वर्ष उमेर नपुग्दै गरिएको बालविवाह स्वत बदर हुन्छ । बालबालिकाको विवाह तय गर्ने वा बालबालिकासँग विवाह गर्ने वा गराउनेलाई ७५ हजार रुपैयाँसम्म जरिवाना र तीनवर्षसम्म कैद हुन्छ । उमेर पुगेको पुरुषसँग बालिकाको विवाह भएमा कतिपय अवस्थामा बलात्कारको मुद्दासमेत लाग्ने हुन्छ ।

मुलुकी अपराध संहिता, २०७४ अनुसार १० वर्षभन्दा कम उमेरकी बालिकालाई जवरजस्ती करणी गर्नेलाई जन्मकैद, र दशवर्षदेखि १८ वर्ष उमेरकी बालिका भए उमेर अनुसार सात वर्षदेखि २० वर्षसम्म कैद सजाय हुन्छ । बालविवाह टड्कारो सामाजिक समस्यको रुपमा रहँदा पनि बालविवाह बारेको घटना प्रहरीमा भने दर्ता नै हुने गरेको छैन । मकवानपुर जिल्लामा सन् २०२३ मा बालविवाह बारेको एउटा पनि घटना दर्ता भएको छैन ।

बागमती प्रदेशमा पनि जम्मा ४ वटा मात्रै बालविवाहको मुद्धा प्रहरीमा दर्ता भएको छ । प्रहरीमा मुद्धा दर्ता गरेपछि कानुनी प्रक्रियामै जानुपर्ने र अभिभावकले सकेसम्म बालविवाहको घटनालाई सहमतिमा तत्काललाई रोक्न चाहने गरेको कारण बालविवाहको सवाल प्रहरीमा पुग्दैनन् । बाल हेल्पलाइनमा दर्ता भएकामध्ये ७० प्रतिशत केसहरु आपसी सहमतिमा रोक्न सफल भएको र ३० प्रतिशत केसहरु तत्काललाई रोकिए पनि पुन दोहोरीने गरेको पाइएको छ ।

पछिल्लो समय अधिकांश बालबालिकाले आफूखुसी गर्ने गरेको विवाहको कारण बालविवाह बढी चुनौतीपूर्ण बन्दै आएको ज्ञवलीले बताए । अभिभावबाट लुकेर प्रेममा परी भागेर बालविवाह गरेका यस्ता बालिकाको जीवन तुरुन्तै कष्टकर हुने देखिएको उनले बताए । बालविवाह न्यूनीकरणको लागि शिक्षा र पारिवारिक हेरचाहमा विशेष ध्यान दिनुपर्ने आवश्यकता रहेको सरोकारवालाहरुले बताएका छन् । परिवारको नेतृत्व गर्ने पुरुषहरुले छोराछोरीमा समान व्यवहार गर्नु पर्ने बताइएको छ ।

# हिमालयन सिङ्गिङ बल साधना

साझाकुरा संवाददाता

हेटौंडा, २३ वैशाख/ हेटौंडामा बुद्ध जयन्तीको अवसरमा हिमालयन सिङ्गिङ बल साधना भएको छ । नारायणी मलमा रहेको कलिउड सुपर डान्स एण्ड फिटनेस प्रालिको आयोजनामा उक्त साधना गरिएको हो ।

साउन्ड हिलिङलाई पनि साधनामा प्रयोग गरिएको साधक एंव प्रशिक्षक चन्द्रहरि कायस्थ (श्रीहरि)ले जानकारी दिए । साइको थेरापिस्ट समेत रहेका कायस्थले मानसिक तनावलाई विस्थापित गर्ने उद्देश्यले साधना गरिएको बताए । मकवानपुरका प्रमुख जिल्ला अधिकारी राजेन्द्रदेव पाण्डेसहितको उपस्थितिमा करिब ३५ जनालाई उक्त साधना गराइएको थियो ।

जुम्वा डान्स र फिटनेस प्रेमीहरुको उपस्थितिमा शुक्रबार साँझ मकवानपुरगढी-४, स्थित मनकामना मन्दिर परिसरमा पनि उदाउँदो पूर्णिमालाई स्वागत गर्दै अमृत (सोम) साधनासमेत गरिएको साधक कायस्थले जानकारी दिए । तीन दशकदेखि साधना, ध्यान गर्दै आएका साधक कायस्थ योग, ध्यान र साधनाका प्रशिक्षकको रुपमा सक्रिय छन् । उनले ८ हजार माथिका हिमालहरु हेरेर ध्यान गर्ने गरेको बताएका छन् ।

## माइग्रेसन हराएको सूचना

मेरो निम्न व्यहोराको राष्ट्रिय परीक्षा बोर्डद्वारा प्रदान गरिएको तपशीलबमोजिम व्योहरा भएको माइग्रेसन सर्टिफिकेट मिति २०८० बैशाख १५ गते हेटौंडा बजारबाट मकवानपुर बहुमुखी क्याम्पस जाने क्रममा हराएको हुँदा पाउनुहुने महानुभावले नजिकको प्रहरी कार्यालय वा निम्न ठेगानामा सम्पर्क गरी बुझाइदिनु हुन अनुरोध गरिन्छ ।

**तपशील:**

| | |
|---|---|
| नाम | : सन्देश खनाल |
| ठेगाना | : पालुङ्गटार नगरपालिका-४ गोरखा |
| रजिष्ट्रेशन नम्बर | : ७७३५८९१५८ |
| क्याम्पस | : सनराइज ईङ्लिस सेकेण्डरी स्कूल, भरतपुर |
| सिम्बोल नम्बर | : २३५१०३५६ |
| वर्ष | : २०७८ |
| सम्पर्क नम्बर | : ९८४१६०१७९१ |

## शिक्षक आवश्यकता

*प्रथम पटक सूचना प्रकाशित मिति: २०८०/०१/२४*

प्रस्तुत विषयमा यस विद्यालयको वि.व्य.स.को मिति २०८०।०१।१४गतेको निर्णय अनुसार र भीमफेदी गाउँपालिकाको मिति २०८०।०१।२० च.नं. २०१८ को शिक्षक विज्ञापन कार्यादिश पत्र बमोजिम मा.वि. तहको गणित विषयको अनुदान कोटामा खुल्ला प्रतिस्पर्धाबाट शिक्षक नियुक्ती गर्नु पर्ने भएकोले तपशिलअनुसारको योग्यता पुगेको ईच्छुक नेपाली नागरिकहरुबाट प्रथम पटक यो दरखास्त आव्हान गरिएको छ ।

**तपशिल**

विज्ञापन नं. :- ०१/ ०७९/०८०
विषय :- गणित
तह :- मा.वि. (संघीय अनुदान)
सेवा सुविधा :- शिक्षण सिकाई अनुदान ब्यबस्थापन कार्यविधि २०७७ बमोजिम
न्युनतमशैक्षिक योग्यता : मुल विषय गणित लिएर वि.एड वा सो सरह उर्तिण
उमेर :- १८ वर्ष पुरा भई ४० वर्ष ननाघेको ।
दरखास्तदिने अन्तिम मिति: २०८०।०२।०८गते अपराह्न ४:०० बजे सम्म ।
दरखास्त दस्तुर :- रु.१५००/- एक हजार पाँच सय रुपैयाँ मात्र ।
परीक्षामिति : सम्पर्क मितिमा तोकिने छ ।(सम्पर्क मिति : २०८०।०२।०९ गते)
परीक्षाको किसिम: लिखित, मौखिक तथा आवश्यक्ता अनुसार कक्षाअवलोकन ।

**आवश्यक कागजातहरु :**

१. नेपाली नागरिकताको प्रमाण पत्रप्रतिलिमि २/२ थान (नोटरी पब्लिकबाट प्रमाणि गरेको)
२. शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपि २/२ थान
३. अध्यापन अनुमतिपत्रको प्रतिलिपि २/२ थान

**सम्पर्क नं.** ९८१९२२४४७६, ९८४५७०१९२८, ९८०६८८३४२३

**श्री माध्यमिक विद्यालय**
भीमफेदी गाउँपालिका-७, कोगटे, मेल्टार, मकवानपुर

# आशा विशेष पाठशालाको अभिभावक भेला

साझाकुरा संवाददाता

हेटौंडा, २३ वैशाख/ डाउन्सिन्ड्रोम, अर्टिजम, सीपी स्नायु पक्षघात, बौद्धिक तथा शारीरिकरुपमा भिन्न क्षमता भएकाहरुलाई पढाउँदै आइरहेको आशा विशेष पाठशाला तथा पुनर्स्थापना केन्द्रको अभिभावक भेला भएको छ ।

हेटौंडा उपमहानगर पालिका-७, स्थित आशा फाउण्डेसनद्वारा सञ्चालित आशा विशेष पाठशालाको शनिवार अभिभावक भेला भएको हो । आशा विशेष पाठशाला स्पेनिस नागरिक आईना बार्काले सञ्चालन गरेकी थिइन् । पाठशालामा ५५ जना बालबालिका तथा युवाहरु अध्ययनरत् छन् । विस २०७३ सालमा स्थापना गरिएको पुन:स्थापना केन्द्रका अध्यक्ष बालकृष्ण चौलागाईको सभाध्यक्ष तथा जिल्ला समन्वय समितिका प्रमुख ललितबहादुर घलानको प्रमुख आतिथ्यतामा भेला भएको हो ।

जिसस प्रमुख घलानले विद्यालयमा अध्ययनरत भिन्न क्षमता भएका बालबालिका तथा व्यक्तिमा एउटा प्रतिभा लुकेको हुने र उक्त प्रतिभालाई पहिचान गरी समाज उजागर गर्ने कार्य एकदम सराहनीय भएको बताए । उनले आगामी दिनमा स्थानीय निकाय र राज्यले सहयोग गर्नुपर्ने साथै जिससले पनि सकेको सहयोग र समन्वय गर्नेमा प्रतिवद्धता व्यक्त गरेका छन् । भेलामा केन्द्रका अध्यक्ष चौलागाईले विद्यालयको वर्तमान अवस्थाबारे जानकारी गराएका छन् । विद्यालयका प्रिन्सिपल रुपा कार्कीले विद्यालयको आर्थिक प्रतिवेदन प्रस्तुत गरेकी छन् ।

कार्यक्रममा विद्यालयमा अध्ययनरत् विद्यार्थीले आफ्नो प्रतिभा नृत्य, गीत, कविता एकल तथा सामूहिक रुपमा प्रस्तुत गरेका थिए । साथै विद्यार्थीद्वारा तयार पारिएको हस्तकलाका सामग्रीहरु भेलामा प्रदर्शन गरिएको थियो । कार्यक्रममा आशा पाठशाला तथा पुन:स्थापना केन्द्रका संस्थापक संरक्षक आईना वार्का, हेटौंडा-७ का वडाअध्यक्ष दामोदर गौतम, फाउण्डेसन संस्थापक अध्यक्ष कैलाश न्यौपाने, शिक्षाविद् मोहन ज्ञवाली र दिवाकर चापागाई, केन्द्रका पूर्वअध्यक्ष प्रकाश पौडेल, वडा नम्बर ६ का वडासदस्य विजय पौडेल लगायतको आतिथ्यता रहेका थियो ।

# साहित्यकार रिजाल पुरस्कृत



साझाकुरा संवाददाता

हेटौंडा, २३ वैशाख/ मकवानपुरका परिचित साहित्यकार तथा व्यंग्यकार आरसी रिजाल विराटनगरमा हास्यव्यंग्य पुरस्कार बाट पुरस्कृत भएका छन् ।

रिजाललाई सावित्रादेवी-अच्युतप्रसाद खतिवडा साहित्य सेवा प्रतिष्ठान विराटनगरले २०७९ सालको सावित्रादेवी-अच्युतप्रसाद खतिवडा हास्यव्यंग्य साहित्य पुरस्कार प्रदान गरेको हो । नेपाली हास्यव्यंग्य विधामा चार दशकभन्दा बढी समयदेखि दिएको योगदानका लागि रिजाललाई पुरस्कार प्रदान गरिएको आयोजकले बताएको छ । उनले पुरस्कारवापत २१ हजार रुपैयाँ सम्मानपत्र पाएका छन् ।

यसअघि साहित्यकार लक्ष्मण नेवटिया र कलाकार पारस थापालाई यो पुरस्कार प्रदान गरिएको थियो । साहित्यकार रिजालले पुरस्कारले आगामी दिनमा निरन्तर हास्यव्यंग्य साहित्य क्षेत्रमा लाग्ने हौसला मिलेको बताए ।

# कथावाचकलाई नागरिक अभिनन्दन

साझाकुरा संवाददाता

हेटौंडा, २३ बैशाख/ राप्तीतटस्थित गोरक्षश्वर धाममा आयोजना भइरहेको नयाँवर्ष शुभकामना बिराट महायज्ञको चौथो दिन सहरको बिभिन्न ५ स्थानमा दीपप्रज्ज्वलन तथा नागरिक अभिनन्दन गरिएको छ ।

पञ्चवर्षीय महायज्ञको क्रममा कथावाचक महायज्ञ अनन्त श्रीविभूषित स्वामी कमलनयनाचार्यको प्रमुख संरक्षकत्व र वैदिक दर्शनका व्याख्याता अग्निहोत्री डा.सीताराम खनालको अभिभावकत्वमा सञ्चालित महायज्ञमा करपात्रीस्वामी कृष्ण प्रपन्नाचार्यलगायतलाई नागरिक अभिनन्दन गरिएको हो ।

कार्यक्रममा विश्वशान्तिको कामना सहित बाजागाजाका साथ नगरपरिक्रमा सीमाचोक, बुद्धचोक, हेडम्बीचोक (बुद्धिलालचोक), संगमचोक, कान्तिराजपथ हुँदै शीतल महलचोक, मेनरोड भुटनदेवीचोक हुँदै अखण्ड हरिकीर्तनचोकमा दीप प्रज्वलन गरिएको महायज्ञका मूल आयोजक समितिका महासचिव ह्यग्रीव आचार्यले जानकारी दिएका छन् ।

२०६० सालदेखि हरेक ५ वर्षमा नयाँवर्ष शुभकामना बिराट महायज्ञको आयोजना गर्दै आएका हेटौंडाका ख्यातीप्राप्त ब्यवसायी अजेयराज सुमार्गीले हरेक ५ वर्षमा आयोजना गरिने महायज्ञको चौथो दिन हेटौंडाको मुख्य सडकमा दिनभरि यातायात नचलाउने र धार्मिक कार्य गर्ने प्रस्ताव राखेका थिए ।

सहभागीहरुले सो प्रस्ताव अनुसार आगामी महायज्ञमा सडकमा धार्मिक मेला गर्ने बताएका छन् । सडकमा धार्मिक प्रतीकचिन्हले रंगाइएको थियो ।

"सुनमा शुद्धता डिजाइनमा आधुनिकता"
आधुनिक सुन चाँदी पसल
हेटौंडा-२, पुरानो मकवानपुर रोड



हामीकहाँ आधुनिक डिजाइनका गर गहना बनाउनुका साथै खरिद बिक्री गरिन्छ ।
प्रो. राजु सेन्चुरी
सम्पर्क नं. :
९८४५५३०५६३, ९८१५२२४३४३

कपडाहरूको धुलाई र ड्राई क्लिनको लागि सम्झनुहोस्
कोट, पाइन्ट, सर्ट, तन्ना, साडी, ज्याकेट, ब्ल्याङ्केट सामान्य प्रयोगका कपडाहरुको आधुनिक प्रविधिबाट धुलाई तथा ड्राई क्लिनका लागि सधैं सम्झनुहोस् ।





कार्पेट तथा शोफाको खोलहरु घरमै गएर धोइन्छ ।
मेरिना ड्राई क्लिनिङ्ग स्पोट
नगरविकास रोड, हेटौंडा-४, हुप्रचौर
(निर्माण व्यवसायी संघको अगाडि)
सम्पर्क नं.: ९८४५१२६११२

साझाकुरा राष्ट्रिय दैनिकका लागि सविन न्यौपानेद्वारा प्रकाशित, सम्पादक: सरला खनाल, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, मुद्रण: सफल छापाखाना